Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- ११, २०८३ साल असोज २० गते मंगलबार (6 October, 2026) www.janaakash.com.np

सत्य, तथ्य, निष्पक्ष समाचारको लागि स्वऐच्छिक सहयोग गर्नसक्नुहुनेछ ।

# काँग्रेसको १५ औं महाधिवेशन भव्य रुपमा उद्घाटन

## देउवा समुहको अर्को अधिवेशन हुँदै



मोहन कार्की

नेपाली काँग्रेसको १५ औं महाधिवेशन यहि १८ गते आइतवारवाट काठमाडौको खुल्लामञ्चमा नेपाली काँग्रेसकै गगन कुमार थापाले उद्घाटन गरी शुरु गरेका छन् । उक्त कार्यक्रममा नेपालका राजनीतिक पार्टीहरुको उपस्थिति रहेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेकपा एमालेका महासचिव शंखर पोखेल, नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन श्रम संस्कृति पार्टीका महासचिव आर्यन राई लगायतका राजनीतिक पार्टीका प्रतिनिधिहरुको उपस्थितिमा भव्य उदघाटन गरी कार्यक्रममा लोकतान्त्रिक मूल्य मान्यताका विचारहरु राजनीतिक पार्टीहरुले राखेका थिए ।

नेपाली काँग्रेस पार्टीका तत्कालीन सभापति शेर बहादुर देउवा भएकै वेलामा २०८२ साल भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनको नामवाट देउवामाथि आक्रमण भई घाइते भएर उपचाररत रहेकै वेलामा नेपाली काँग्रेसका युवा नेता गगन कुमार थापा र विश्वप्रकाश शर्माद्धयले भृकुटीमण्डमा नेपाली काँग्रेसको विशेष महधिवेशनको आयोजन गरी गगन कुमार थापालाई उक्त विशेष अधिवेशनले सभापति निर्वाचित गरेको थियो । त्यो विशेष अधिवेशनलाई तत्कालीन सभापतिको टिमले अर्थात कार्यवहाक सभापतिको टिमले स्वीकार गरेको थिएन । उक्त समूहले आज पनि गगन कुमार थापाको समूहलाई अवैधानिक भन्दै गाउँ गाउँमा छुटै भेला आयोजना गरेर वडा अधिवेशनहरु गरिरहेको छ । आम नागरिको नजरमा आलोचित भईरहेको नेपाली काँग्रेस गगन कुमार थापाको नेतृत्वको नेपाली काँग्रेसले १५ औ महाधिवेशनमा १९ गते उम्मेद्धारी दर्ता गर्ने र २१ वा २२ गतेसम्ममा नेतृत्वको टुङ्गो लगाउने लक्ष्यका साथ अधिवेशनको काम गरिरहेको नेपाली काँग्रेस १५ औं महाधिवेशन परिचालन समितिले जानकारी दिएको छ ।

जव जव देशमा संकट आउछ नेपाली काँग्रेसले महत्वपुर्ण भूमिका खेल्दै आएको बताउने गरेका नेपाली काँग्रेसका नेताहरुका लागि यतिवेला नेपाली काँग्रेस आफै संकटमा परेको छ । एउटै पार्टीका दुइखाले अधिवेशन हुदैछन् । गगन कुमार थापाको नेतृत्वले विशेष महाधिवेशन गरिसकेपछि रुस्ट भएको देउवा समूह नेपाली काँग्रेसले सर्वोच्च अदालतमा गगन कुमार थापा नेतृत्वको नेपाली काँग्रेसलाई अवैध भनेर मुद्दा दायर गरेको छ । उक्त मुद्दा »बाकी ६ पृष्ठमा

# सरकार फेर्न आन्दोलनको बाटो उचित छैन : रवि लामिछाने




काठमाडौं- सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सरकार परिवर्तनका लागि आन्दोलनभन्दा निर्वाचन नै एकमात्र वैधानिक र अचुक विकल्प भएको बताएका छन् ।

काठमाडौंको खुलामञ्चमा आयोजित नेपाली कांग्रेसको १५ औं महाधिवेशनलाई सम्बोधन गर्दै सभापति लामिछानेले लोकतन्त्रलाई बलियो बनाउन निर्वाचनको नतिजालाई सम्मान गर्नुपर्नेमा जोड दिएका हुन् ।

सभापति लामिछानेले पछिल्लो समय सडक आन्दोलनमार्फत सरकार ढाल्ने र निर्वाचन प्रणालीमाथि नै प्रश्न उठाउने प्रवृत्तिप्रति गम्भीर आपत्ति जनाए । साथै, उनले निर्वाचनको सुरक्षामा खटिने नेपाली सेना र समग्र चुनावी प्रक्रियालाई लिएर गरिने टिप्पणीहरू जनताको अपमान भएको बताए ।

'हामीलाई विस्थापित गर्ने अचूक उपाय निर्वाचन हो । आन्दोलनबाट सरकार ढाल्ने होइन, अब चुनावबाट सरकार फेरौं । लोकतन्त्रलाई निर्वाचनको अभ्यासबाट मात्रै बलियो बनाउन सकिन्छ । जनताले मतदान गरेर दिएको जनादेशलाई अपमान गर्ने, निर्वाचन नै गलत थियो भन्ने वा सुरक्षा निकाय र विदेशी »बाकी ६ पृष्ठमा

# जन आकाश मिडियाका सस्थापक आजिवन सदस्यको अध्यक्षता कार्यक्रम सप्पन्न

काठमाडौं- राष्ट्रिय सुसेली फाउन्डेसनले यही २०८३ असोज १६ गते शुक्रबार चौरासीयौं अनलाइन कार्यक्रममा जन आकाश मिडियाका सस्थापक आजिवन सदस्य दुर्गा अधिकारी भमरकोटेको अध्यक्षतामा सम्पन्न भएको छ ।



यहि असोज १६ गते शुक्रबार फाउन्डेसनले आउँदै गरेका महान पर्वहरूको शुभकामना आदानप्रदान तथा सुसेली गायन र वाचनको कार्यक्रम गरेको हो । जन आकाश मिडियाका सास्थापक आजिवन सदस्य सुसेली फाउन्डेसनका संस्थापक अध्यक्ष एवम् सुसेली विधाका प्रवर्तक दुर्गा अधिकारी 'भमरकोटे' को संयोजनका साथै सभापतित्वमा सञ्चालन भएको उक्त कार्यक्रमको सञ्चालन संस्थाकी संस्थापक केन्द्रीय उपाध्यक्ष सुशीला ढकाल अधिकारीले गरेकी थिइन । आउँदै गरेका महान पर्वहरूको शुभकामना विशेष सुसेली गायन र वाचन कार्यक्रममा सरिक २५ जना कवि साहित्यकारहरूद्वारा त्रिपदीय नेपाली लोकलय, पुर्वीय, पश्चिमी, भजन र दोहोरीका लयमा रचना गरि महान चाडपर्वको महत्त्व र महिमा, यो बर्षको अविरल वर्षा र बाढीपहिरोका कारण हुन गएको धनजनको क्षतिले पर्व मान्न सहज नहुने अवस्थाका विषय र पर्व मनाउँदा हुने दुःखद क्षणको आकलनसहित समसामयिक तथा व्यङ्ग्यात्मक सुसेलीहरू गायन/वाचन भएको थियो ।

विशिष्ट अतिथि फाउन्डेसनका संरक्षक एवम् संस्थापक केन्द्रीय सल्लाहकार चन्द्रा न्यौपानेले देश पूरै शोकमा डुबेको यस दुःख परिस्थितिमा पनि आफ्नो संस्कृति धान्न पनि आ-आफ्नो गच्छेअनुसार चाडबाड मान्नु पर्ने यथार्थ चित्रण गर्दै कार्यक्रममा सहभागीहरूद्वारा वाचित सुसेलीहरू सधैंभन्दा अझ प्रतीकात्मक, बिम्बात्मक एवम् सुन्दर भएकामा प्रशंसा गरेकी थिइन । उनले देशमा आइपरेको अहिलेको विषम परिस्थितिका दशैं एवम् आउँदा चाडबाडका लागि शुभकामना सुसेलीहरू गाएकी थिइन ।

अर्का विशिष्ट अतिथि कलानिधि दाहालले कार्यक्रममा पूरै समय दिएर सबैका सुन्दर तथा गहन सुसेलीहरू सुन्न पाउँदा खुसी लागेको र सुसेलीले लोभलाग्दो किसिमले प्रगति गरिरहेकोमा हार्दिक बधाई एवम् सम्पूर्ण सहयोगी तथा सहभागीहरूमा आउँदै गरेका पर्वहरूको शुभकामना दिँदै आफ्ना शुभकामना सुसेलीहरू लयमा »बाकी ६ पृष्ठमा



जन आकाश
www.janaakash.com.np
वर्ष -१९, अंक- ११,
२०८३ साल असोज २० गते मंगलबार
6 October 2026, Tuesday

...मान्छे कसैले पनि कर्म लियर आएका हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### नेपालमा राजनीतिक पार्टीको देश होइन जनताको देश सवैको देश बनाऔ

यतिवेला नेपाली काँग्रेस पार्टीको १५ औं महाधिवेशन काठमाडौंमा चलिरहेको छ ।

यो भन्दा आगाडी राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको महाधिवेशन सम्पन्न भईसकेको छ । त्यसैगरी राप्रपा, नेपाली कम्युनिष्ट पार्टी अन्य राजनीतिक पार्टीहरुको महाधिवेशन हुने क्रममा छन् । निर्वाचन कार्यालयमा संविधानले दिएको कानूनी प्रक्रिया पुऱ्याई पार्टी दर्ता गराएका राजनीतिक पार्टीहरुले नियमित महाधिवेशन गर्नुपर्ने नियम रहदै आएको छ ।

यिनै राजनीतिक दलहरुले निर्वाचनमा भाग लिएर चुनाव जितेर पार्टीको प्रतिनिधित्व हुँदै सरकार बनाउने गर्दछन् । तर भन्न चै देशको नेतृत्व भन्दछन् । आधिकारिक रुपमा देशको नै प्रतिनिधित्व गर्दछन् ।

व्यवहारमा राजनीतिक गन्ध राजनीतिक आस्था, भावना राखेर राजनीतिक प्रतिशोध राखेर गरिने व्यवहारले समग्र नेपालीहरुको प्रतिनिधित्व हुन सकेको छैन । नेपालको विकास हुन नसक्नुका कारणहरु सरकारमा हरेका पार्टीहरुले गर्ने काममा राजनीतिक पार्टी बढेमानका नेता, अर्थात सेन्टर कमिटी, अर्थात महत्वपूर्ण पार्टीका पदीय जिम्मेवारीमा वसेकाहरुले गरेका गलत कामलाई पनि सरकारको प्रतिनिधित्व गरेको तर पार्टीको छत्र छायाँमा रहेको महसुस गरिरहने र गलतलाई गलत भनेर कारवाहीको डण्डा चलाउन नसक्ने दलगत सरकारको कुसंस्कार हुर्कदा नेपालले सोचेजस्तो प्रगती गर्न सकेको थिएन/छैन ।

समग्र देशको विकास गर्न आम नागरिकको विश्वास जितेको समग्र देशको अवस्था स्थिति बुझ्ेको नेतृत्वले देश चलाउन पाउने अवस्थामा मात्रै देशको विकास हुन्छ भन्ने द्रिष्टान्तहरु नेपालमै पनि छन् । जस्तै महेन्द्रकालीन अवस्थामा देशको प्रचुर विकास भएको देखिन्छ ।

अन्य देशहरुमा पनि सबै देशवासीको प्रतिनिधित्व हुने गरी नेतृत्व चयन भएको अवस्थामा देशले प्रचुर विकास गरेको देखिन्छ । जस्तै साउथ अफ्रिकाका नेशनल मण्डेलाले चरम यातना पाई जेल जिवनबाट मुक्ति पछि स्वतन्त्र कान्त्रि सफल बनाएर देशको राष्ट्रपतिको रुपमा नेतृत्व गर्दा खारिएको परिपक्क नेतृत्व देश बुझ्ेको दुखः पीडा, अभाव सम्पन्नता समग्र देशका सबै नागरिकको अधिकार सुरक्षित गर्न सक्ने दुरदर्शिता भएको नेतृत्वबाट साउथ अफ्रिकाले आमुल परिवर्तन गरेर विश्वमा आफ्नो दक्षता प्रस्तुत गर्न सक्षम भएको थियो ।

विगतमा दक्षिण कोरिया, सिगापुर, मलेसिया पछिल्ला समयमा नेतृत्व असल र सक्षम हुदा अत्यास लाग्दा विकास गरेर देखाएका छन् । हाम्रो नेपालसँग सीमा जोडिएका छिमेकी राष्ट्रहरु भारत र चिनले पनि पछिल्लो समय विकासको गतिमा फड्को मारिरहेका छन् । त्यही अवस्थामा विकास गर्न मनमा नेपालीहरुले पनि कोसिस गरिरहेका छन् । तर लक्ष्य भेटाउन सकिएको छैन । नेपालमा राजनीतिक विवादहरु धेरै हुने गरेका कारण र स्थाइत्व सरकार नभएकका कारण विकास निर्माणमा विवाद निकाल्ने वित्तिक्कै अख्तियार लाग्ने कारण उदारणका लागि काठमाडौंमा बन्दै गरेको पुरानो बसपार्कको विजनेस टावर, कालीमाटीमा सम्पन्न भई सकेको पुल निर्माण भएर पनि सञ्चालनमा नआएको राजधानीको चित्र बोलिरहेको छ । त्यसैले समग्र देश बुझ्ने नेतृत्व देशलाई चाहिएको छ । तर दलगतका नेता, नेतृत्व चुनिदा देश दुखिरहदा पार्टीको प्रतिनिधित्व गर्नेहरुलाई खासै देश दुख्दैन । पार्टीलाई असर पग्ने कामले मात्र उनिहरुको मन दुख्छ । त्यसकारण देश बुझ्ेको, देश पढेको, देश बसेको, सबै नेपाली चिन्ने नेतृत्व देशलाई चाहिन्छ । त्यसको अभ्यासमा आउदा पुस्ता लाग्नुपर्ने देखिन्छ ।

# नेपालमा जलविद्युत विकासको इतिहास, पृष्ठभूमि र वर्तमान अवस्थाः तथ्य, चुनौती र सम्भावना



■ इ. वीरेन्द्र श्रेष्ठ

नेपाल प्राकृतिक जलस्रोतका हिसाबले विश्वकै सम्पन्न राष्ट्रमध्ये एक हो। हिमालयबाट उत्पत्ति भएका करिब ६,००० भन्दा बढी नदी–नालाबाट लगभग २२५ अर्ब घनमिटर वार्षिक जलप्रवाह हुन्छ भने औसत २,५०० मिटरभन्दा बढी उचाइ भिन्नता Head ले नेपाललाई जलविद्युत उत्पादनका लागि विश्वकै उत्कृष्ट मुलुकमध्ये अग्रस्थानमा उभ्याएको छ। विभिन्न अध्ययनअनुसार नेपालको सैद्धान्तिक जलविद्युत क्षमता करिब ८३,००० मेगावाट अधिक देखिन्छ, प्राविधिक रूपमा सम्भाव्य क्षमता करिब ४५,००० मेगावाट, तथा आर्थिक रूपमा उत्पादन गर्न सकिने Techno–Financially Viable क्षमता करिब ४२,००० मेगावाट रहेको मानिन्छ। तर यति ठूलो सम्भावना हुँदाहुँदै पनि नेपालले आफ्नो जलविद्युत क्षमताको सानो अंश मात्र उपयोग गर्न सकिरहेको अवस्था छ।

नेपालमा जलविद्युत विकासको औपचारिक सुरुआत वि .सं . १९६८ (सन् १९११) मा ५०० किलोवाट क्षमताको फर्पिङ जलविद्युत आयोजना सञ्चालनसँगै भएको हो। यो दक्षिण एशियाकै प्रारम्भिक जलविद्युत आयोजनामध्ये एक हो। राणा शासकले दरवार लक्ष्यित बिद्युतिकरण गराए – जसलाई चन्द्रज्योती प्रकाश नामले चिनिन्छ। उबेला त्यो जलविद्युत आयोजना र वितरणलाई ब्यबस्थित गराउन एउटा कार्यालय ÷ बिभाग गठन गरिएको थियो जसलाइ जनताले बिजुली अड्डा भन्ने चलन थियो। त्यसपछिका करिब पाँच दशकसम्म विद्युत विकासको गति अत्यन्तै सुस्त रह्यो। राणा शासन, सीमित आर्थिक स्रोत, प्राविधिक जनशक्तिको अभाव र औद्योगिक विकास नहुनुले विद्युत क्षेत्र विस्तार हुन सकेन। सबै भन्दा ठूलो बिषय – शासकले उपभोग गर्न पाए पछि जनतालाई परिरहेको आवश्यकताको गर्विलो महसुस शासकले गर्न नसकेको तितो यथार्थ हो यो। बिजुली अड्डा – बिद्युत निगम, बिद्युत बिभाग हुँदै २०४१ को बिद्युत नियमावली अनुसार २०४२ साल भदौ १ गते नेपाल बिद्युत प्राधिकरण गठन भएको थियो।

सुन्दरीजल, सुनकोशी, त्रिशूली, पनौती, फेवा, देवीघाट, कुलेखानी, मास्र्याङ्दी, गण्डक, चतरा, तथा मल्टिफ्युल ( दुहबी, डिजेल प्लान्ट – हेटौडा आदि पञ्चायतकालमै बनिएर नेपाल ग्रीडमा जोडिएका थिए। प्रजातन्त्र बहालीसगै जलविद्युत विकासमा सबैभन्दा ठूलो नीतिगत परिवर्तन वि .सं . २०४९ पछि आएको हो। विद्युत ऐन २०४९, जलस्रोत ऐन २०४९ तथा निजी क्षेत्रमैत्री नीतिले स्वतन्त्र विद्युत उत्पादक (IPP) हरूलाई विद्युत उत्पादनमा प्रवेश गरायो। त्यसपछि निजी लगानी, बैंक तथा वित्तीय संस्थाको ऋण, सर्वसाधारणको शेयर लगानी तथा विदेशी लगानीमार्फत जलविद्युत क्षेत्रमा तीव्र विस्तार हुन थाल्यो। आज नेपालका अधिकांश नयाँ आयोजना निजी क्षेत्रबाट विकास भएका छन्, जसले नेपालको ऊर्जा क्षेत्रमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका स्थापित गरेको छ।

राजनीतिक अस्थिरता, दशकौँ लामो द्वन्द्व, नीतिगत अन्योलता, प्रसारण लाइन निर्माणमा ढिलाइ, वातावरणीय स्वीकृति, वन क्षेत्रको अनुमति, जग्गा अधिग्रहण तथा स्थानीय विवादका कारण धेरै आयोजना समयमै सम्पन्न हुन सकेनन्। एउटै आयोजना निर्माण गर्न डिजाइन र क्षमता हेरि २ देखि ५ वर्ष लाग्नुपर्ने अवस्थामा कतिपय आयोजना ८–१० वर्षसम्म लम्बिएका र केही आयोजना बनाउनै नसक्ने अवस्थामा पुगेका समेत उदाहरणहरु नेपाली जलविद्युत बिकासको यात्रामा पाइएका छन्। यसले लागत वृद्धि, बैंक ब्याजको भार र विद्युत उत्पादनमा ढिलाइ निम्त्याएको छ। सरकारले कुनै लक्ष्य तोकेको भएतापनि, मन्त्रालय र सम्बद्ध निकायहरुसंग स्पष्ट रणनीति नभएको कारण नेपालको उर्जा सेक्टर दिशा बिहिन जस्तो अवस्थामा रहयो। सरकारले बिद्युतको लाईसेन्स मात्र उपलब्ध गराउने अनि राज्यका अनेकौं निकाय र स्थानीयहरुसग नेपाल सरकारको कुनै विधि कुनै पद्धति बेगर स्वतन्त्र उर्जा उत्पादक आयोजना कम्पनीले आआफ्नो मानक स्थापित गर्दै बिद्युत आयोजनाका काम अघि बढाईरहेको अवस्था बिद्यमान छ्।

विगत एक दशकमा नेपालको ऊर्जा क्षेत्रको जडित क्षमतामा उल्लेखनीय बृद्धि भएको छ। तामाकोसी ४५६ मेगावाट नेपाल बिद्युत प्राधिकरणले र स्वतन्त्र उर्जा उत्पादकहरुले समेत सोलु ८६ मेगावाटको आयोजना हुँदै ताप्लेजुङमा २८५ मेगावाटको माथिल्लो तमोर र पस्चिममा ३०६ मेगावाट सम्मका आयोजनाहरु नेपाली लगानी कर्ता, नेपाली बैंकको बलमा निर्माणमा गयिसकेका छन्। हाल देशको जडित विद्युत उत्पादन क्षमता ३,४०० मेगावाटभन्दा बढी पुगेको छ, जसमा ९० प्रतिशतभन्दा बढी हिस्सा (PROR र RoR) जलविद्युतको छ। लामो समय मुलुकमा माग अनुरुपको उत्पादन ब्यवस्थापन नहुनु, प्रसारण लाईन र वितरण प्रणालीको समुचित बिकास नहुँदा, विगतमा दैनिक १२–१८ घण्टासम्म लोडसेडिङ भएको र यसको अन्त्य केहि बर्ष अधि हुनुपनि नेपालको ऊर्जा विकासको महत्वपूर्ण उपलब्धि मानिएको छ। वर्षायाममा नेपालले आन्तरिक मागभन्दा बढी भएका विद्युत उत्पादनलाई भारततर्फ निर्यात गर्न थालेको छ। साथै बंगलादेशसँग पनि विद्युत व्यापारको ढोका खुल्दै गएको छ। यसले जलविद्युतलाई केवल पूर्वाधार नभई राष्ट्रिय अर्थतन्त्रको रणनीतिक निर्यातयोग्य वस्तुका रूपमा स्थापित गर्न थालेको छ। नेपालका अधिकांश आयोजना (Run–of–River -RoR ) प्रकारका भएकाले Q40 को डिजाईनमा बनिएका अधिकांस आयोजनाहरु सुख्खायाम यानेकी ७ महिनामा उत्पादन उल्लेखनीय रूपमा घट्ने गरेको र वर्षायाममा मात्र जडित क्षमता अनुरुपको उत्पादन दिने गरेको छ। सप्लाई र मागलाई सन्तुलन राख्न – नेपालले वर्षायाममा विद्युत निर्यात र सुख्खायाममा विद्युत आयात गर्ने मौसमी चक्र अपनाएको छ। उच्च क्षमताका प्रसारण लाइन, क्षेत्रीय विद्युत व्यापार, विद्युत खपत बढाउने औद्योगिकीकरण, विद्युतीय यातायात, कृषि विद्युतीकरण तथा हरित हाइड्रोजन उत्पादनजस्ता क्षेत्रलाई समानान्तर रूपमा अघि बढाउनुपर्ने टड्कारो आवश्यकता छ।

हाल राष्ट्रिय ग्रिडको औसत विद्युत माग करिब १,८००–२,२०० मेगावाट र उच्च (Peak ) माग २,८००–३,२०० मेगावाटको दायरामा पुग्ने गरेको छ। वर्षायाममा माग भन्दा उत्पादन बढी भैरहेकोले दैनिक रूपमा भारततर्फ उल्लेखनीय मात्रामा ऊर्जा निर्यात भइरहेको छ। केही दिन यता कुल Peak Demand करिब ३,००० मेगावाट नाघेको तथा ऊर्जा निर्यात नियमित भैरहेको तथ्य नेपाल विद्युत प्राधिकरणले सार्वजनिक गरिरहेको छ। राष्ट्रिय ग्रीडमा जलाशययुक्त स्टोरेज, पम्पिङ स्टोरेज, कम्तीमा ४ घण्टा दैनिक पिक क्षमता वहन गर्न सक्ने आयोजनाहरु, लोडसेन्टर लक्ष्यित सोलार स्टोरेज आयोजनाहरुको निर्माण गरि हिउँदमा–ग्रीडमा आउने ह्रासलाई पुर्ती गरि एकनासको पावर तथा इनर्जी आपूर्ति गर्न सक्ने प्रणालीको बिकास आजको टड्कारो आवस्यक्ता हो तर, हिउँद सुरु भएसँगै अवस्था पुरै उल्टिनेगरेको बिद्यमान अवस्थाले हाम्रो प्राविधिक तथा ब्यापारीक सामथ्र्य कहाँ कता अपुग भएको हो – स्पष्ट हुन जरुरी भैसकेको छ।

नेपाल सरकारले आगामी दशकका लागि अघि सारेको उर्जा रणनीतिक लक्ष्यमा सरकारी, निजी तथा विदेशी लगानीबाट निर्माणाधीन, अध्ययन्रत र प्रस्तावित आयोजना समेटिएका छन्। साथै १,००० मेगावाटभन्दा बढी सौर्य ऊर्जा, उच्च क्षमताका प्रसारण लाइन, अन्तरदेशीय विद्युत व्यापार, विद्युतीय यातायात, विद्युतीय खाना पकाउने प्रणाली, सिंचाइ विद्युतीकरण तथा ऊर्जा–आधारित उद्योग विस्तारलाई पनि रणनीतिमा समावेश गरिएको छ। हाल करिब ३,४०० मेगावाटभन्दा बढी उत्पादन क्षमता सञ्चालनमा छ भने ४,००० मेगावाटभन्दा बढी निर्माणाधीन र १६,००० मेगावाटभन्दा बढी विभिन्न चरणमा अघि बढिरहेका आयोजना रहेका छन्। यदि निर्माणाधीन आयोजना समयमै सम्पन्न भए, प्रसारण पूर्वाधार विस्तार – भारत तथा बंगलादेशसँग दीर्घकालीन विद्युत व्यापार सुदृढ गरेर जलाशययुक्त आयोजनामा लगानी बढाइयो भने सरकारको लक्ष्य प्राप्त गर्ने आधार पुर्ण सामथ्र्य सहितको हुनेछ। अन्यथा उत्पादन क्षमता बढे पनि प्रसारण, आन्तरिक खपत र बजार विस्तारले साथ नदिए ऊर्जा व्यवस्थापन चुनौतीपूर्ण रहन सक्छ।

नेपालको ऊर्जा भविष्य अब केवल उत्पादन बढाउने विषय मात्र होइन, Power–Energy Balancing, Storage, Transmission / Regional Market Integration लाई समान प्राथमिकतामा अघि बढाउने क्षमतामाथि निर्भर रहनेछ।

उत्पादनसँगै आन्तरिक विद्युत खपत वृद्धि गर्न अपनाउनुपर्ने नीतिहरूः

नेपाल सरकारले लिएको बिद्युत उत्पादन लक्ष्यलाई आर्थिक समृद्धिमा रूपान्तरण गर्न आन्तरिक खपत, औद्योगिकीकरण र निर्यात तीनै पक्षलाई समानान्तर रूपमा अघि बढाउनुपर्छ। अन्यथा वर्षायाममा विद्युत खेर जाने र हिउँदमा आयात गर्ने विरोधाभास कायम रहिरहन्छ।

सबैभन्दा पहिले, राष्ट्रिय प्रसारण प्रणालीलाई २४/७ भरपर्दो, गुणस्तरीय र लगभग uninterrupted बनाउनुपर्छ। प्रसारण तथा वितरण प्रणालीमा स्वचालन -Automation_, Smart Grid, SCADA, GIS Substation / N–1 Reliability लागू गरी SAIDI र SAIFI जस्ता अन्तर्राष्ट्रिय सेवा सूचक सुधार्नुपर्छ।

१ . के हो N–1 Reliability

N= प्रणालीमा आवश्यक उपकरणको संख्या (जस्तै ट्रान्सफर्मर, प्रसारण लाइन, सबस्टेसन आदि)

N–1Reliability भनेको प्रणालीको एउटा प्रमुख उपकरण बिग्रिए पनि विद्युत आपूर्ति बन्द नहुने गरी वैकल्पिक (द्यबअपगउ) व्यवस्था हुनु हो।

उदाहरणः

एउटा १३२/३३ kV सबस्टेसनमा २ वटा ३० MVA ट्रान्सफर्मर छन्।

एउटा ट्रान्सफर्मर बिग्रियो भने अर्को ट्रान्सफर्मरले सम्पूर्ण लोड धान्न सक्नुपर्छ।

अथवा एउटा प्रसारण लाइन बिग्रिए अर्को लाइनबाट तुरुन्तै विद्युत आपूर्ति हुनुपर्छ।

यही नै N–1Reliability हो।

२ . SAIDI (System Average Interruption Duration Index)

यसले – एक ग्राहकले वर्षभरिमा औसत कति समय विद्युतविहीन बस्नुप¥यो भन्ने देखाउँछ।

एकाइः घण्टा/ग्राहक/वर्ष

उदाहरणः

यदि SAIDI = ४ घण्टा/वर्ष भन्नाले

औसत ग्राहकले वर्षभर जम्मा ४ घण्टा मात्र बत्ती गुमाएको बुझाउछ।

विकसित देशहरूमा यो प्रायः १–३ घण्टा/वर्ष हुन्छ।

३ . SAIFI (System Average Interruption Frequency Index) यसले एक ग्राहकको बत्ती वर्षमा औसत कति पटक जान्छ भन्ने देखाउँछ। एकाइः पटक/ग्राहक/वर्ष

उदाहरणः

SAIFI = २ भन्नाले

वर्षभर औसत २ पटक मात्र विद्युत अवरुद्ध भयो भन्ने बुझिन्छ।

नेपालका लागि यसको अर्थ

यदि नेपालले:

N–1 Reliability लागू ग¥यो,

SAIDI ३०–४० घण्टाबाट ५ घण्टाभन्दा कममा झा¥यो,

SAIFI पनि उल्लेखनीय रूपमा घटायो, भनेः

उद्योगहरू २४ घण्टा ढुक्कसँग चल्न सक्छन्।

EV चार्जिङ विश्वसनीय हुन्छ।

घरघरमा Induction चुल्हो, Heat Pump, AC लगायतका उपकरण प्रयोग गर्ने विश्वास बढ्छ।

विद्युत खपत स्वाभाविक रूपमा बढ्छ।

लगानीकर्ता आकर्षित हुन्छन्।

दोस्रो, विद्युतीय सवारी EV लाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्छ। EV खरिदमा कर छुट, सहुलियतपूर्ण कर्जा, देशभर Fast Charging Network तथा Off–Peak Charging Tariff लागू गर्नुपर्छ। पेट्रोलियम आयातमा हुने अर्बौं रुपैयाँको विदेशी मुद्रा बचत गर्दै विद्युतको आन्तरिक बजार विस्तार गर्न सकिन्छ । तेस्रो, LPG ग्यास र दाउराको पूर्ण विद्युतीकरण गर्नुपर्छ। प्रत्येक घरमा Induction Cooker, Electric Water Heater, Heat Pump तथा अन्य विद्युत उपकरणमा अनुदान वा सहुलियत ऋण उपलब्ध गराई Electric Kitchen लाई राष्ट्रिय कार्यक्रम बनाउनुपर्छ।

चौथो, न्यून तथा न्युनमध्यम आय भएका परिवारको क्रय शक्ति अभिवृद्धि हुनु जरुरी छ। कम्तीमा अहिले न्यून आय भएका तराईका हरेक परिवारको रुममा इलेक्ट्रीक फ्यान जडान होस। न्यून मद्यम वर्गले Air Conditioner -Inverter AC प्रयोग गर्न सक्ने वातावरण सिर्जना होस। यसका लागि सस्तो वित्तीय सुविधा, समयानुकूल विद्युत महसुल तथा ऊर्जा–दक्ष उपकरणको प्रवद्र्धन आवश्यक छ।

पाँचौं, ऊर्जा–आधारित औद्योगिकीकरण तीव्र गतिमा विस्तार गर्नुपर्छ। हरित उद्योग, डेटा सेन्टर, सिमेन्ट, स्टिल, रासायनिक मल, हरित हाइड्रोजन, कोल्ड स्टोर, कृषि प्रशोधन तथा खानी उद्योगलाई सस्तो र भरपर्दो विद्युत उपलब्ध गराएर विद्युत खपतलाई हालको भन्दा धेरै गुणा वृद्धि गर्न सकिन्छ।

छैटौं, विश्वसनीय निर्यात प्रणाली निर्माण गर्नुपर्छ। भारत, बंगलादेश तथा भविष्यमा चीनसँग उच्च क्षमताका अन्तरदेशीय प्रसारण लाइन, दीर्घकालीन Power Purchase Agreement PPA तथा क्षेत्रीय विद्युत बजारमा सहभागिता विस्तार गर्नुपर्छ।

ऊर्जा सुरक्षा, नियमन र लगानीकर्ता संरक्षणः

जलविद्युत् आयोजना कुनै निजी कम्पनी अथवा नेपाल बिद्युत प्राधिकरणको व्यापारिक परियोजना मात्र होइन, यो राष्ट्रिय पूर्वाधार, सार्वजनिक सम्पत्तिको भावी स्वरूप र लाखौं नागरिकको प्रत्यक्ष–अप्रत्यक्ष लगानी र भबिष्यसँग गाँसिएको विषय हो। त्यसैले आयोजना विकासको प्रत्येक चरणमा "निर्माण गरियो" भन्नेभन्दा "मापदण्डअनुसार निर्माण गरियो" भन्ने प्रश्न बढी महत्वपूर्ण हुन्छ। कमजोर डिजाइन, अपर्याप्त भूगर्भीय अध्ययन, नदी किनारको अनुपयुक्त छनोट, जलप्रवाहको त्रुटिपूर्ण विश्लेषण तथा दीर्घकालीन जोखिमको उपेक्षाले आज केही आयोजनाले उत्पादन ह्रास, बारम्बारको बन्द अवस्था, संरचनागत क्षति र वित्तीय संकट भोगिरहेका छन्। यसको प्रत्यक्ष असर – लगानीकर्ता, विद्युत् प्रणाली र अन्ततः राज्यकै आर्थिक अवस्था अहितमा परेको छ।

झन् गम्भीर पक्ष त के हो भने, कतिपय आयोजनाले विस्तृत आयोजना प्रतिवेदन DPR, सुनिश्चित सहवित्तीयकरण -Consortium Finance, निर्माण व्यवस्थापनको विश्वसनीय आधार तथा प्राविधिक तयारी नै पूर्ण नगरी सर्वसाधारणबाट अर्बौं रुपैयाँ बराबरको लगानी संकलन गरेका उदाहरण देखिएका छन्। यस्ता आयोजनाको, उत्पादन अनुमतिपत्रको समय निरन्तर खेर गइरहेको, विद्युत् खरिदबिक्री सम्झौताअन्तर्गत प्राप्त हुने Escalation अवधि समाप्त भइसकेको तथा आयोजना अझै निर्माण चरणमै प्रवेश गर्न नसकेको अवस्था नियमन प्रणालीकै कमजोरीको संकेत हो। यस्तो परिस्थितिमा सर्वसाधारणको पूँजी अनिश्चितताको बन्दी बन्नु कुनै एक कम्पनीको असफलता मात्र होइन, नियमनकारी संयन्त्रको उत्तरदायित्वमाथिको गम्भीर प्रश्न पनि हो।

उत्पादन अनुमतिपत्रले ब्यबस्था गरे अनुसार, लाईसेन्सको अवधि समाप्तिपश्चात्, आयोजना स्वतः नेपाल सरकारको स्वामित्वमा जाने हुँदा यसको सम्पूर्ण जीवनचक्रलाई हेर्दा राज्यले सञ्चालन गर्ने अवधि नै बढी हुने भएको र ठूलो संरचनाहरुको सुरक्षाको लागि प्रारम्भिक डिजाइन, निर्माण गुणस्तर, सञ्चालनयोग्यता, वित्तीय स्थायित्व र जोखिम व्यवस्थापनमा नियमनकारी निकायको प्रत्यक्ष जिम्मेवारी अनिवार्य हुनुपर्छ। आयोजना विकासकर्ताले मात्र होइन, सम्बन्धित मन्त्रालय, विभाग, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरण, धितोपत्र नियमन निकाय तथा वित्तीय संस्थाले पनि आ–आफ्नो निर्णयको संस्थागत उत्तरदायित्व वहन गर्नुपर्ने समय आएको छ। कुनै आयोजना सार्वजनिक लगानीका लागि खुला गर्नु अघि त्यसको प्राविधिक, वित्तीय, कानुनी तथा व्यवस्थापकीय अवस्थाको स्वतन्त्र परीक्षण, जोखिम मूल्याङ्कन र अनिवार्य रेटिङ प्रणाली लागू गरिनुपर्छ। नियम पालना गर्ने विकासकर्तालाई प्रोत्साहन र मापदण्ड उल्लङ्घन गर्नेलाई कडा दायित्वबोध गराउने शासन प्रणाली स्थापित नगरेसम्म ऊर्जा क्षेत्रको दिगोपन, लगानीकर्ताको विश्वास र राष्ट्रको दीर्घकालीन ऊर्जा सुरक्षामाथि प्रश्न उठिरहनेछ।

स्वतन्त्र उर्जा उत्पादक मध्ये केहिले आयोजना निर्माण गर्दा स्थानियहरुसंग बिभिन्न शिर्षकमा आयोजनाको प्रोमोटर शेयरमा लगानी गराएको रकम बराबरको शेयरको लगत कायम सम्म नगरिएको, आयोजना बिद्युत गृहको संचालन संभार बिधिवत नगरेकोले दसकौं बितिसक्दा समेत लगानी कर्ताले कुनै लाभांस प्राप्त गर्नुको साटो सहवित्तियकरण ऋण Consortiun Loan को सांवाब्याज आफ्नो जायजेथा बेचेर तिर्ने अवस्था आउला कि भन्ने त्रासमा बस्नु परेको पीडा समेत केहि आयोजनामा रहेको छ। नेपालको जलविद्युत् विकास अब केवल आयोजना निर्माण गर्ने, उत्पादन क्षमता बढाउने प्रतिस्पर्धामा मात्र सीमित रहन सक्दैन। आगामी चरणको सफलता ऊर्जा सुरक्षा -Energy Security, प्रभावकारी नियमन -Effective Regulation, संस्थागत सुशासन Good Governance र लगानीकर्ताको विश्वास Investor Confidence माथि निर्भर रहनेछ। यी आधार बलिया नभएसम्म ठूलो उत्पादन क्षमता हासिल गरे पनि ऊर्जा क्षेत्रले अपेक्षित आर्थिक र सामाजिक प्रतिफल दिन सक्दैन । जलविद्युत् आयोजना कुनै निजी कम्पनीको व्यापारिक परियोजना मात्र होइन; यो राष्ट्रिय पूर्वाधार, सार्वजनिक सम्पत्ति र लाखौँ नागरिकको लगानीसँग जोडिएको विषय हो।

त्यसैले आयोजना मूल्याङ्कन उत्पादन क्षमता वा वित्तीय प्रतिफलमा मात्र सीमित हुनु हुँदैन। डिजाइनको विश्वसनीयता, भूगर्भीय अध्ययन, जलविज्ञान-Hydrology, संरचनागत सुरक्षा, निर्माण गुणस्तर, सञ्चालन तथा मर्मत सम्भाव्यता, जलवायु जोखिम र विपद् प्रतिरोधात्मक क्षमता लाई समान प्राथमिकतामा मूल्याङ्कन गर्नुपर्छ। प्रारम्भिक चरणका साना प्राविधिक कमजोरीले भविष्यमा ठूलो आर्थिक र संरचनागत जोखिम निम्त्याउन सक्छन् र निर्माण भैसकेका आयोजनाहरुको संचालन संभार बिधि अनुसार हुने गराउने कार्यबिधि कार्यान्वयनको अपरिहार्यता भैसकेको छ।

नेपालमा आयोजना स्वीकृतिदेखि सञ्चालनसम्म धेरै सरकारी निकाय संलग्न भए पनि एकीकृत प्राविधिक नियमन प्रणाली अझ प्रभावकारी बन्न सकेको छैन। ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरण, वन तथा वातावरणसम्बन्धी निकाय, भुमि ब्यबस्था बिभाग, धितोपत्र नियामक संस्था र बैंकिङ प्रणालीबीच स्पष्ट समन्वय तथा संस्थागत उत्तरदायित्व आवश्यक छ। एउटै आयोजना विभिन्न निकायका प्रक्रियामा वर्षौँ अल्झिनु विकासकर्ता, लगानीकर्ता र राज्य— तीनैका लागि महँगो साबित भइरहेको छ । विशेषगरी सार्वजनिक लगानी संकलन गर्ने आयोजनामा विस्तृत आयोजना प्रतिवेदन DPR, पहुँचमार्ग निर्माण, स्वतन्त्र प्राविधिक समीक्षा, वित्तीय ब्यबस्थापन Financial Closure, प्रसारण लाइनको सुनिश्चितता तथा निर्माण तयारीको वस्तुगत मूल्याङ्कन अनिवार्य गरिनुपर्छ। साथै Risk Disclosure System / Project Rating Framework , डिजाइन प्रमाणीकरण, नियमित प्राविधिक निरीक्षण तथा सञ्चालनपूर्व Energy Diversification लाई नियमन प्रक्रियाको अभिन्न अङ्ग बनाइनुपर्छ। यसले आयोजना गुणस्तर सुधार्नुका साथै भविष्यमा राज्यले व्यहोर्नुपर्ने मर्मत तथा पुनर्निर्माणको लागत पनि घटाउनेछ।

लगानीकर्ताको हित संरक्षणका लागि Risk Disclosure System र Project Rating Frame Work विकास गरी आयोजना कुन चरणमा छ, वित्तीय अवस्था, निर्माण प्रगति, प्रमुख जोखिम र सम्पन्न हुने सम्भावनाबारे नियमित रूपमा सार्वजनिक जानकारी दिने व्यवस्था गर्नुपर्दछ। पारदर्शिताले लगानीकर्ताको विश्वास बढाउनुका साथै जिम्मेवार विकासकर्तालाई पूँजी जुटाउन पनि सहज बनाउँनेछ।

ऊर्जा सुरक्षाको अर्को आधार ऊर्जा स्रोतको विविधीकरण (Energy Diversification) हो। जलाशययुक्त बिद्युत आयोजना, Pumped Storage बिद्युत आयोजना, सौर्य ऊर्जा, Battery Energy Storage System (BESS) तथा क्षेत्रीय विद्युत् व्यापारलाई एउटै ऊर्जा रणनीतिअन्तर्गत अघि बढाई Power Energy Balancing लाई राष्ट्रिय ऊर्जा योजनाको केन्द्रमा राख्नुपर्छ।

नेपाली ऊर्जा क्षेत्रको सफलता अब मेगावाटको संख्याले होइन, विद्युत् प्रणालीको विश्वसनीयता, सार्वजनिक लगानीको सुरक्षा, नियामकीय पारदर्शिता, संस्थागत उत्तरदायित्व र ऊर्जा बजारको दिगोपनले मापन हुनेछ। स्पष्ट नीति, वैज्ञानिक नियमन र उत्तरदायी संस्थागत संस्कृतिको विकास गर्न सके – जलविद्युत् नेपालको आर्थिक समृद्धि, औद्योगिकीकरण, रोजगारी सृजना र ऊर्जा सुरक्षाको सबैभन्दा बलियो आधार बन्नेछ। यही नै नेपालको ऊर्जा भविष्यलाई सुरक्षित, विश्वसनीय र समृद्ध बनाउने मार्ग हो।

सम्भावनाबाट समृद्धितर्फको निर्णायक मोडः

नेपालको जलविद्युत् विकासले एक शताब्दीभन्दा लामो यात्रा पार गर्दै आज आत्मनिर्भरता, क्षेत्रीय विद्युत् व्यापार र हरित अर्थतन्त्रतर्फ महत्वपूर्ण फड्को मारेको छ। तर अबको सफलता केवल थप मेगावाट उत्पादनमा सीमित रहने छैन। उत्पादनसँगै ऊर्जा सुरक्षा, गुणस्तरीय प्रसारण, आन्तरिक विद्युत् खपत, जलाशययुक्त आयोजना, ऊर्जा भण्डारण, क्षेत्रीय बजार, प्रभावकारी नियमन र संस्थागत सुशासन बीच सन्तुलन कायम गर्न सके मात्र जलविद्युत् नेपालको दिगो आर्थिक रूपान्तरणको आधार बन्न सक्छ।

आगामी दशक नेपालका लागि "ऊर्जा उत्पादनको दशक" मात्र होइन, "ऊर्जा उपयोग र गुणस्तर अभिवृद्धिको दशक" हुनुपर्छ। विद्युत् उद्योग, कृषि, यातायात, पर्यटन, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रसँग जोडिएपछि मात्र यसको वास्तविक आर्थिक मूल्य सिर्जना हुनेछ। जलविद्युत् विकासलाई मेगावाटको प्रतिस्पर्धाबाट निकालेर मेगावाटदेखि समृद्धिसम्म (Megawatt to Prosperity) को राष्ट्रिय अभियानका रूपमा अघि बढाउनु आजको आवश्यकता हो।

राज्यले दीर्घकालीन, स्थिर र लगानीमैत्री नीति अवलम्बन गर्ने, नियमनकारी निकायले पारदर्शी र उत्तरदायी प्रणाली विकास गर्ने, निजी क्षेत्रले अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुणस्तरीय आयोजना निर्माण गर्ने र नागरिकले विद्युत् उपभोगलाई जीवनशैलीको अभिन्न अंग बनाउने हो भने नेपाल केवल ऊर्जा आत्मनिर्भर राष्ट्र मात्र होइन, दक्षिण एशियाको स्वच्छ ऊर्जा केन्द्र (Cle an Energy Hub) का रूपमा स्थापित हुन सक्छ। जलविद्युत् नेपालको प्राकृतिक सम्पत्ति मात्र होइन, भावी पुस्ताको आर्थिक समृद्धि, ऊर्जा सुरक्षा र राष्ट्रिय स्वाभिमानको सबैभन्दा बलियो आधार बन्ने क्षमता राख्दछ। अब आवश्यक छ—दूरदृष्टियुक्त नीति, वैज्ञानिक योजना र दृढ कार्यान्वयन।

# लोकसंगीतमा निरन्तर सक्रिय एक सर्जक

*जन आकाश मिडियाले निर्माण गरेको प्रतिभाको लागि सम्मान र नव प्रतिभाको लागि स्थान दिने कार्यक्रम लोक गायिका विमला संगीत खबर कार्यक्रममा लोक दोहोरी गायिका बिमला सुनारसाग जन आकाश मिडियाका विनोद कार्कीले गरेको कुराकानी ।*



**तपाईले अहिले सम्म गायका एल्बमहरु चाहिँ कति छन् ? पछिल्लो समय कुन गीत बजारमा आयो ?**

मैले गायका सबै गीतहरु एक दर्जनभन्दा बढीछन त्यस मध्य पनि लोका आधुनि एल्बमहरु पाँच छ वटा छन् र पछिल्लो समय लाइभ दोहोरी आइ रहेकाछन् ।

**कति भयो यो सांकेतिक क्षेत्रमा लाग्नु भएको यो क्षेत्रमा लागेपछि के कती कामहरु भए ?**

यो क्षेत्रमा पाँच-छ वर्ष भयो । कामको कुरा गर्ने हो भने मेरा केही एल्बमहरु पनि छन्, लाइभ दोहोरीहरु पनि छन्, यो क्षेत्रमा काम त निकै गरे केही राम्रो पनि भयो, केही अब त्यस्तै छन् । सोचेको जस्तो सबै कुरा त कहाँ हुन्छन् र ?

**तपाईले यो क्षेत्रमा संघर्ष गरिराख्नु भएको छ । कतिको सहज छ यो क्षेत्रमा ?**

कुनै पनि काम गर्न अफ्ठ्यारो त भईहाल्छ सजिलो भन्ने यो संसारमा के नै हुन्छ र, संघर्ष बिनाको त फल त प्राप्त हुँदैभने संघर्ष धेरैनै गर्नु पर्छ ।

**प्राय कलाकारको पछिल्लो समय बाँच्ने आधार भनेकै दोहोरी साँझ बनेको छ । के तपाई पनि दोहोरीमा काम गर्नुहुन्छ ?**

हो मलाई चाही एकदम वास्तवमा भन्नु पर्दा मनपर्ने गीत संगीत हो । प्लस दोहोरी पनि अति मनपर्छ अनि पहिला यही लाउरे दोहोरीमै गाईरहेको थिए । अहिले चाही आफु अलि अशक्त भको कारणले ग्याप भैरा छ ।

अब दिनमा नै अलि बिजी बिजी नै भए अनि ज्यानलाई पनि त आराम चाहियो नि त ।

**भनेपछि दिउासो तिर लाइभ दोहोरी तिर बिजी हुनुहुन्छ हैन ? समयको म्यानेज गर्न नसकेर दोहोरीमा गाउन भ्याएको छैन । फेरि पनि तपाईको आवाज बाट एउटा बाका सुन्छौ ।**

यसमा चाहिँ जस्तै फेरि पनि दाईको र मेरो नै हामी चाहिँ जस्तै स्वागत भाका है ।

हजुरहरुले कति स्वागत हजुर स्वागत भयो । स्वागत गितको टाइटलको नाम नै थियो । एकदम हैन दाई र मैले चाही सुरुमा हामीले चाही लाइभ दोहोरी गाउदा खेरि भागवान भाग टु गरेर सुरु गरेको थियौ अनि कस्तो के दाईको एउटा बानी चाही कस्तो भन्दा खेरि उहाको गित जुन सुटिंग राख्नु हुन्छ नि उहाको त्यो कन्सेप्ट नै कस्तो छुट्टै बनाउनु हुन्छ के

दाईले भनिसकेपछि अलिकति दर्शकले चाही भ्युज जाओस् भन्ने टाइपको ? है त्यस्तो पनि त हो अब जस्तै गीत राम्रो लागेसी त मन परेसी त सबैले हेरिहाल्छन् हैन र ? अनि उहाँले चाहिँ सुरुको गीत चाहिँ उहाँको आफ्नै गीत रैछ । अनि स्वागत भाग वान बाट चाहिँ हामीले लाइभ धेरै सुरु गरेका थियौं । दाई र मैले अनि अहिले चार भाग चार सम्म पुगिसकेको छ । अब भाग पाँच चाहिँ आउन बाँकी नै छ । त्यसमा चाहिँ बच्चा सुत्दै आउन बाँकी छ ।

दर्शकले स्वागत भनेर सर्च गर्यो भने तपाईंहरुको भिडियो भेटिन्छ हैन ? एकदम स्वागत दिइरहेको छ । नभेटिने कुरै छैन ।

दिलमा छाप लाग्ला
आफ्नो भन्नु तिमी नै हौ क्यारे
पाले पुण्य मारे पाप लाग्ला
हे हस्पिटलमा चेक गर्न जाम बुढा
सुहाग रातमै बिग्र्यो कि कामकुरो
नाउ मेटिने दिलमा छाप लाग्ला
आफ्नो भन्नु तिमी नै हौ क्यारे
पाले पुण्य मारे पाप लाग्ला

**धन्यवाद स्वागतमै नाम मेटेको हो त हजुर एकदम यस्ता शब्दहरु चाहि कसरी आउछन हैन प्राय जस्तो दोहोरीका कलाकारहरुलाई चाहि ?**

त्यो त यस्तो हो जस्तै गाउन बसिसकेपछि अब मान्छेले एउटा भावमा डुब्छन् त्यहाँ चाहिँ अनि उहाँबाट के आउँछ भन्दाखेरि त्यसको के भन्छ त्यसको यॉङको ठ्याङ त दिन पर्यो नि हैन । हो त्यही अनुसार नै हो ।भावमा डुब्ने हो । अब गाइसकेपछि उताबाट आउँदा खेरि अब जस्तै के फर्काउने हो भनेर सोचिसकेको हुन्छ नि त । त्यो पनि त एउटा रमाइलो भाव हो । भावमा रहेर कलाकारहरुले गीत गाउने हुन् । अन्य वेला त सामान्य नागरिक जस्तै नै त हो ।

**अन्तमा के भन्न चाहानुहुन्छ ?**

कलाकारिता क्षेत्रमा लाग्ने कलाकार हरुले सवैभन्दा मेहनत गर्नुपर्छ । यस क्षेत्रमा कोही सफल हुन्छन् । कोही हुदैनन् । त्यसैले जिवन के हो भनेर बुझेर काम गर्नुपर्छ भन्न चाहन्छु र यस जनआकाश मिडियाले मेरो भावनाहरु आम स्रोता दर्शकहरुमा पुऱ्याई सहयोग गरिदिएकोमा यस मिडियालाई धन्यवाद दिन चाहान्छु ।

# सरकार स्वेच्छाचारितातर्फ जाँदैछ, गगन-रविले क्रमभंग गर्नुपर्छ : प्रचण्ड

काठमाडौं- नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारका गतिविधिले देश स्वेच्छाचारितातर्फ जाने खतरा बढेको बताएका छन् । नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले देश, लोकतन्त्र र संविधान अप्ठेरो अवस्थामा रहेको दाबी गरेका हुन ।

'देश अप्ठेरोमा छ । लोकतन्त्र नै अप्ठेरोमा छ । संविधान पनि अप्ठेरोमा छ,' उनले भने, 'अहिलेका सरकारका कैयौं अभिव्यक्ति, क्रियाकलाप र गतिविधिले स्वेच्छाचारितातिर देश जाने हो कि भन्ने गम्भीर खतरा पैदा भएको छ ।'

उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउन राजनीतिक दलहरू मिलेर अघि बढ्नुपर्ने आवश्यकता रहेको समेत औंल्याए ।




शान्ति प्रक्रियासँग जोडिएका केही विषय अझै टुंगिन बाँकी रहेको भन्दै ती विषय समाधान नगरे देश थप अप्ठेरो अवस्थामा पुग्न सक्ने उनको दावि रहेको छ ।

उक्त कार्यक्रममा प्रचण्डले नेपाली कांग्रेसका सभापति गगन थापा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई राजनीतिक 'क्रमभंग' गर्नसमेत सुझाव दिए थिए ।

आफूले विगतमा पटक-पटक राजनीतिक क्रमभंग गर्दै आएको स्मरण गर्दै अब नयाँ पुस्ताका नेताहरूको पालो आएको समेत बताए ।

गगन थापाले क्रमभंग गरिसकेको उल्लेख गर्दै रवि लामिछानेलाईपनि त्यसतर्फ अघि बढ्न उनले आग्रह गरे ।

उनले भने 'गगनजीले जुन क्रमभंगता गर्नुभयो, पहिले-पहिले मैले गर्ने गरेको थिएँ,' 'अब पालो गगनजीहरूको हो, तपाईं क्रमभंग गर्दै जानुस् । अब पालो रविजीहरूको हो, तपाईंले अझै क्रमभंग गर्न बाँकी छ । तपाईंले पनि क्रमभंग गर्नुस् अनि बन्छ नेपाल ।'

प्रचण्डले थापा र लामिछाने दुवै आफ्नो नेतृत्वको सरकारमा मन्त्री बनेको स्मरण गर्दै उनीहरूप्रति आफ्नो सम्मान र भरोसा रहेको पनि बताए ।

दुवै नेतामा राजनीतिक चेत रहेको भन्दै उनले आगामी दिनमा सबै राजनीतिक शक्तिले समृद्ध नेपाल निर्माणका लागि भूमिका खेल्नुपर्ने धारणा समते ब्यक्त गरे ।

उनले आफूले विगतमा शान्ति प्रक्रियादेखि संविधान निर्माण र गणतन्त्र स्थापनासम्म विभिन्न राजनीतिक परिवर्तनमा भूमिका खेलेको उल्लेख गर्दै अब परिवर्तन र नयाँ राजनीतिक दिशाका लागि नयाँ पुस्ता अघि बढ्नुपर्नेमा संकेत गरे ।

प्रचण्डको पछिल्लो अभिव्यक्तिमा एकातर्फ वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि देखिएको छ, भने अर्कोतर्फ कांग्रेस सभापति थापा र रास्वपा सभापति लामिछानेलाई नयाँ राजनीतिक पहल र परिवर्तनका लागि अघि बढ्न आह्वान गरिएको छ ।

## रामेछाप डायरी

# काठमाडौंमा सेवा शिविर सञ्चालन, करिब १ सय जनाले लिए सेवा



रामेछाप- काठमाडौं उपत्यकामा बसोबास गरिरहेका वडावासीलाई लक्षित गर्दै सामाजिक सुरक्षा भत्ता नवीकरण तथा व्यक्तिगत घटना दर्तासम्बन्धी सेवा रामेछाप नगरपालिका-७ सुकाजोर वडा कार्यालयले काठमाडौंमै उपलब्ध गराएको छ ।

विभिन्न कारणले काठमाडौं उपत्यकामा अस्थायी रूपमा बसोबास गरिरहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई वडामै पुगेर सेवा लिन कठिनाइ भइरहेको अवस्थालाई मध्यनजर गर्दै वडा कार्यालयले काठमाडौंमै सेवा सञ्चालन गरेको हो ।

असोज १७ गते काठमाडौंको जडिबुटीस्थित होटल कोजिनमा सञ्चालन गरिएको सेवा शिविरबाट करिब १ सय जना सेवाग्राहीले सेवा लिएको वडा अध्यक्ष समीर कार्कीले जानकारी दिए ।

उनका अनुसार वडा नं. ७ का बासिन्दासँगै रामेछाप नगरपालिकाका अन्य वडामा स्थायी बसोबास भएका नागरिकले समेत शिविरबाट सेवा लिएका छन् । शिविरमार्फत सामाजिक सुरक्षा भत्ता नवीकरणका साथै व्यक्तिगत घटना दर्तासम्बन्धी सेवा प्रदान गरिएको वडा कार्यालयले जनाएको छ । नागरिकलाई आफ्नो गाउँठाउँसम्म पुगेर सेवा लिनुपर्ने बाध्यता कम गर्ने उद्देश्यले काठमाडौंमै सेवा उपलब्ध गराइएको वडा अध्यक्ष कार्कीले बताए ।

यसैबीच, रामेछाप नगरपालिका ७ सुकाजोरले सामाजिक सुरक्षा भत्ता लाभग्राहीको घरदैलोमै पुगेर वितरण गर्दै आएको छ । वडाले नागरिकलाई सहज र प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले स्थानीयस्तरमै विभिन्न सेवाहरू विस्तार गर्दै आएको जनाएको छ ।

# जगदम्बा मोटर्सद्वारा नयाँ टीभीएस रेडर १२५ नेपालमा सार्वजनिक




काठमाडौं- टीभीएस मोटर कम्पनीको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्स प्रा,लिले नेपाली बजारमा नयाँ टीभीएस रेडर १२५ इन्जिनयुक्त सिट सार्वजनिक गरेको छ । नयाँ मोडलको आगमनसँगै नेपालमा टीभीएस रेडरको उत्पादन समूह थप विस्तार भएको कम्पनीले जनाएको छ ।

काठमाडौंस्थित भृकुटीमण्डपमा आयोजित कार्यक्रममा जगदम्बा मोटर्सकी अध्यक्ष दीपा अग्रवाल, उपाध्यक्ष दीपक रौनियार तथा कलाकार कर्मा लामा र निश्छल अर्यालको उपस्थितिमा सञ्चारकर्मी, सामग्री निर्माता तथा सामाजिक सञ्जाल प्रभावकारीहरूको सहभागिताबीच नयाँ मोटरसाइकल सार्वजनिक गरिएको हो ।

२ लाख ७९ हजार ९०० रुपैयाँ मूल्य तोकिएको नयाँ टीभीएस रेडरले रेडरको परिचित खेलकुद शैलीको डिजाइन र प्रदर्शनलाई थप आरामदायी तथा व्यावहारिक बनाउने प्रयास गरेको कम्पनीले जनाएको छ । विशेषगरी शैली, प्रदर्शन र दैनिक प्रयोगलाई समान महत्व दिने युवा चालकलाई लक्षित गरी यो मोडल ल्याइएको हो ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेबी, रामेछाप, बागमती प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

लिखु तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धोवी बजार, रामेछाप, बागमती प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश

- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप, बागमती प्रदेश, नेपाल

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष -१९, अंक- ११,
२०८३ साल असोज २० गते मंगलबार
6 October 2026, Tuesday

# मुक्तिनाथ विकास बैंकका ग्राहकलाई एथलेट ल्यान्डमा १७.५ प्रतिशतसम्म छुट




काठमाडौं- मुक्तिनाथ विकास बैंकले आफ्ना ग्राहकलाई थप सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले बालकुमारीस्थित एथलेट ल्यान्ड एन्ड ट्रेनिङ क्लबसँग विभिन्न सेवामा विशेष छुट दिने सम्बन्धमा सम्झौता गरेको छ।

सम्झौताअनुसार मुक्तिनाथ विकास बैंकका ग्राहकले उक्त व्यायामशालाका विभिन्न सेवामा ७.५० प्रतिशतदेखि १७.५० प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्।

एथलेट ल्यान्ड एन्ड ट्रेनिङ क्लबमा एमएमए, बक्सिङ, एडभान्स्ड कार्डियो, ग्रुप फिटनेस क्लास, जुम्बा र योगालगायतका सेवाहरू उपलब्ध छन् । साथै, वर्कआउटपछि आरामका लागि साउना सुविधासमेत रहेको छ।

छुट तथा सुविधा लिन बैंकका ग्राहकले मुक्तिनाथ विकास बैंकको डेबिट कार्ड वा मोबाइल बैंकिङ एपमार्फत भुक्तानी गर्न'पर्नेछ।

बैंकले ग्राहकलाई विभिन्न क्षेत्रमा थप सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले विभिन्न संस्था तथा व्यवसायसँग सहकार्य गर्दै आएको जनाएको छ।

# ग्लोबल आइएमई बैंकले सेयरधनीलाई १० प्रतिशत लाभांश दिने प्रस्ताव पारित




काठमाडौं- ग्लोबल आइएमई बैंकको २०औं वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष २०८२/८३ को मुनाफाबाट सेयरधनीलाई चुक्तापुँजीको कुल १० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ।

पारित लाभांशमध्ये ४ प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित ६ प्रतिशत नगद लाभांश रहेको छ।

सभाले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले सञ्चालक समितिका तर्फबाट प्रस्तुत गरेको वार्षिक प्रतिवेदन तथा एकीकृत वित्तीय विवरण पनि पारित गरेको छ।

समीक्षा अवधिमा बैंकले ६ अर्ब ४ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा १५.९० प्रतिशतले बढी हो । बैंकको सञ्चालन मुनाफा भने ९ अर्ब ६० करोड रुपैयाँ रहेको छ।

बोनस सेयर वितरणपछि बैंकको चुक्तापुँजी ३९ अर्ब ६८ करोड ६० लाख रुपैयाँ पुगेको छ।

सभालाई सम्बोधन गर्दै अध्यक्ष ढकालले बैंकप्रति सेयरधनीहरूले देखाएको विश्वास र निरन्तर साथप्रति आभार व्यक्त गरे।

सभाले बैंकको प्रबन्धपत्र तथा नियमावली आवश्यकताअनुसार संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने र आगामी आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावसमेत पारित गरेको छ।

# कुमारी बैंकका ग्राहकलाई रमदा अन्कोर होटलका सेवामा २० प्रतिशतसम्म छुट

काठमाडौं- कुमारी बैंक र ठमेलस्थित रमदा अन्कोर बाइ विन्डम होटलबीच बैंकका ग्राहकलाई होटल तथा रेस्टुरेन्टका विभिन्न सेवामा विशेष छुट दिने सम्झौता भएको छ।

सम्झौताअनुसार कुमारी बैंकका ग्राहकले होटलका खाना तथा पेय पदार्थ र स्पा सेवामा १५ देखि २० प्रतिशतसम्म छुट पाउनेछन् । होटलका विभिन्न सेवा सुविधा प्रयोग गर्दा ग्राहकलाई किस्ताबन्दी (ईएमआई) सुविधा पनि उपलब्ध गराइनेछ।

त्यस्तै, वार्षिक रूपमा न्यूनतम १५ हजार रुपैयाँ खर्च गर्ने ग्राहकले आफ्नो जन्मदिनमा निःशुल्क केक पाउनेछन् । पारिवारिक जमघट तथा कार्यक्रमका लागि केक र कर्केज शुल्कसमेत नलाग्ने व्यवस्था गरिएको छ।

रेस्टुरेन्टमा वार्षिक ५० हजार रुपैयाँ खर्च गर्ने कुमारी बैंकका ग्राहकले एक दिनको कोठा निःशुल्क पाउने सुविधा पनि पाउनेछन् । साथै, 'फ्यामिली डे आउट प्याकेज' र 'फ्यामिली स्टे प्याकेज'मा समेत विशेष छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ।

कुमारी बैंकले देशभर २७९ शाखा, २९५ एटीएम, ४१ एक्सटेन्सन काउन्टर र ४० शाखारहित बैंकिङ इकाईमार्फत सेवा प्रदान गर्दै आएको जनाएको छ।




# सिद्धार्थ बैंकको दसैं अफर : दराजमा कार्डबाट खरिद गर्दा १५ प्रतिशतसम्म छुट

काठमाडौं- सिद्धार्थ बैंक लिमिटेडले दराजसँगको सहकार्यमा दसैं लक्षित '१०-१० दसैं धमाका' अफर सार्वजनिक गरेको छ।

उक्त अफरअन्तर्गत सिद्धार्थ बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोग गरी दराज एपमार्फत सामान खरिद गर्दा ग्राहकले १५ प्रतिशतसम्म छुट पाउनेछन् । योअफर असोज २६ गतेसम्म अर्थात् अक्टोबर १ देखि १२ सम्म सञ्चालन हुनेछ।

भिसा डेबिट कार्ड प्रयोगकर्ताले अधिकतम १० प्रतिशत अर्थात् १ हजार रुपैयाँसम्म तथा भिसा क्रेडिट कार्ड प्रयोगकर्ताले अधिकतम १५ प्रतिशत अर्थात् १ हजार ५ सय रुपैयाँसम्म छुट पाउनेछन्।

अफरको लाभ लिन ग्राहकले दराज एपमा रहेको 'मेगा दसैं डिस्काउन्ट १०.१०' अभियानअन्तर्गत 'बैंक भाउचर' सेक्सनमा गई सिद्धार्थ बैंकको भाउचर संकलन गर्नुपर्नेछ। संकलित भाउचर 'माइ भाउचर्स'मा सुरक्षित हुनेछ।

त्यसपछि १ हजार ९ सय ९९ रुपैयाँ वा सोभन्दा बढीको सामान खरिद गर्दा उक्त भाउचर छनोट गरी भुक्तानीको माध्यममा सिद्धार्थ बैंकको भिसा डेबिट वा क्रेडिट कार्ड रोज्नुपर्नेछ । सम्बन्धित कार्डमार्फत भुक्तानी गरेपछि ग्राहकले छुट प्राप्त गर्नेछन्।

बैंकका अनुसार दसैंको समयमा अनलाइन किनमेललाई सहज, सुरक्षित र लाभदायी बनाउने उद्देश्यले दराजसँग सहकार्य गरिएको हो । यस अफरले डिजिटल भुक्तानीको प्रयोग बढाउनुका साथै ग्राहकलाई थप सुविधा र लाभ उपलब्ध गराउने बैंकको विश्वास छ।

अफरसम्बन्धी थप जानकारीका लागि ग्राहकले बैंकको २४ घण्टा सञ्चालनमा रहेको ग्राहक सेवा केन्द्र वा 'सिद्धार्थ केयर'मार्फत सम्पर्क गर्न सक्नेछन्।

# कामना सेवा विकास बैंकद्वारा उर्लाबारीका १५० सफारी चालकलाई भिजिबिलिटी ज्याकेट वितरण



काठमाडौं- कामना सेवा विकास बैंकले मोरङको उर्लाबारीमा १५० जना सफारी चालकलाई भिजिबिलिटी ज्याकेट वितरण गरेको छ।

उर्लाबारी नगरपालिका, इलाका प्रहरी कार्यालय उर्लाबारी तथा ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आयोजित कार्यक्रममा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत सडक सुरक्षा प्रवर्द्धन गर्ने उद्देश्यले ज्याकेट वितरण गरेको हो । बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले उर्लाबारी नगरपालिकाका मेयर गंगाप्रसाद खरेलको उपस्थितिमा सिटी सफारी चालकहरूलाई ज्याकेट हस्तान्तरण गरेका थिए।

दैनिक रूपमा यात्रु ओसारपसार गर्ने सफारी चालकको सुरक्षा र सहज पहिचानलाई ध्यानमा राखेर कार्यक्रम आयोजना गरिएको बैंकले जनाएको छ। विशेषगरी कम उज्यालो, साँझको समय तथा बढी सवारी चाप हुने अवस्थामा भिजिबिलिटी ज्याकेटले चालकलाई स्पष्ट रूपमा देखिन सहयोग गर्ने र दुर्घटनाको जोखिम न्यूनीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

कामना सेवा विकास बैंकले सडक सुरक्षा, वित्तीय साक्षरता, डिजिटल सचेतना, शिक्षा र स्वास्थ्यलगायत क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । बैंकले आगामी दिनमा पनि समुदायलाई सुरक्षित, समावेशी तथा प्रविधिमैत्री बनाउने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# एनआईसी एशियाका मर्चेन्टले अब एप्पल पे र गुगल पेबाट भुक्तानी लिन सक्ने




काठमाडौं- एनआईसी एशिया बैंकका ई-कमर्स पेमेन्ट गेटवेमा आबद्ध मर्चेन्ट ग्राहकले अब नेपालमै पहिलो पटक एप्पल पे र गुगल पेमा रहेका भिसा तथा मास्टरकार्ड प्रयोगकर्ताबाट सहज रूपमा भुक्तानी प्राप्त गर्न सक्ने भएका छन्।

बैंकका अनुसार साइबरसोर्स पेमेन्ट गेटवेमा आबद्ध तथा आबद्ध हुन चाहने व्यवसायीले विश्वभरका एप्पल पे र गुगल पे प्रयोगकर्ताबाट आफ्नो ई-कमर्स प्लेटफर्ममार्फत भुक्तानी स्वीकार गर्न सक्नेछन् । यसबाट अन्तर्राष्ट्रिय ग्राहकले भौतिक कार्ड प्रयोग नगरी मोबाइलमार्फत सुरक्षित र सरल रूपमा भुक्तानी गर्न सक्नेछन्।

होटल, टुर्स एण्ड ट्राभल्स, ह्यान्डीक्राफ्ट, एयरलाइन्स, ई-कमर्स तथा आईटी क्षेत्रका व्यवसायले यो सुविधा प्रयोग गर्न सक्ने बैंकले जनाएको छ । विशेषगरी पर्यटन, आतिथ्य, यात्रा तथा निर्यात व्यवसायलाई अन्तर्राष्ट्रिय ग्राहकबाट भुक्तानी लिन सहज हुने र विदेशी मुद्रा आर्जनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। बैंकले यो सेवाले डिजिटल भुक्तानीलाई थप सहज, आधुनिक र सुरक्षित बनाउनुका साथै नेपाली व्यवसायीलाई अन्तर्राष्ट्रिय ग्राहकका लागि परिचित पेमेन्ट एक्सपिरियन्स प्रदान गर्ने जनाएको छ। साथै, यसबाट नेपालको पर्यटन प्रवर्द्धन तथा अन्तरदेशीय भुक्तानी प्रणालीमा समेत सकारात्मक योगदान पुग्ने बैंकको विश्वास छ।

# एभरेष्ट बैंकका ग्रहकलाई नयाँ दिल्लीको मेदान्त अस्पतालमा १५ प्रतिशत छुट

काठमाडौँ- एभरेष्ट बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई स्वास्थ्य जाँच/परिक्षण सेवामा छुट प्रदान गर्ने उद्देश्यले भारतको नयाँ दिल्ली स्थित रहेको प्रतिष्ठित मेदान्त अस्पताल (द मेडिसिटी) सँग सम्झौता गरेको छ।



यस सम्झौताअनुसार एभरेष्ट बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकहरूले नयाँ दिल्लीलगायत गुरुग्राम, लखनउ, इन्दौर, राँची र नोएडामा गरी विभिन्न शहरमा रहेका मेदान्त अस्पतालका १३ शाखाहरूमा उपचार गराउँदा १५ प्रतिशतसम्मको आकर्षक छुट प्राप्त गर्न सक्नेछन् । यो १५ प्रतिशत छुट अस्पतालको ओपिडी सेवा (डाक्टरको परामर्श, प्रयोगशाला र रेडियोलोजी), आइपिडी सेवा (बेड भाडा, प्रयोगशाला र रेडियोलोजी) तथा मेदान्तको स्ट्यान्डर्ड प्रिभेन्टिभ हेल्थ प्याकेजमा लागू हुनेछ।

यस छुटको सुविधा प्राप्त गर्नका लागि अस्पतालको बिल भुक्तानी एभरेष्ट बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत गर्न'पर्नेछ।

अस्पतालभित्र उपलब्ध सेवाहरूमा मात्र लागू हुने यो विशेष छुट सम्झौताले बैंकका ग्राहकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउनेछ।

# महालक्ष्मी विकास बैंकको 'महालक्ष्मी महा सोमबार' योजना

काठमाडौं- महालक्ष्मी विकास बैंकले डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'महालक्ष्मी महा सोमबार' योजना सञ्चालन गर्ने भएको छ।

ग्राहक सुविधा अभिवृद्धि, सुरक्षित तथा नगदरहित बैंकिङ कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्यले ल्याइएको यस योजनाअन्तर्गत बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकले हरेक सोमबार दराजमार्फत अनलाइन सामान खरिद गर्दा विशेष छुट पाउनेछन् । योजनाअनुसार बैंकका डेबिट कार्डवाहक ग्राहकले दराज नेपालमार्फत न्यूनतम १ हजार ९९९ रुपैयाँको सामान खरिद गर्दा १० प्रतिशत वा अधिकतम ७५० रुपैयाँसम्म छुट पाउनेछन् । त्यस्तै, क्रेडिट कार्डवाहक ग्राहकले न्यूनतम १ हजार ९९९ रुपैयाँको सामान खरिद गर्दा १५ प्रतिशत वा अधिकतम १ हजार रुपैयाँसम्म छुट प्राप्त गर्नेछन्।

यो योजना हरेक सोमबार मात्र लागू हुनेछ । छुट सीमित संख्यामा र पहिले आउने ग्राहकलाई प्राथमिकताका आधारमा उपलब्ध हुने बैंकले जनाएको छ । बैंकका अनुसार यस योजनामार्फत डिजिटल भुक्तानी तथा कार्डमार्फत हुने कारोबारलाई प्रोत्साहन गर्दै आधुनिक बैंकिङ सेवाको प्रयोग विस्तार गर्न तथा ग्राहकलाई दैनिक कारोबारमा थप सुविधा र बचत उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# एलपी ग्यास आपूर्ति सहज बनाउन भण्डारण क्षमता बढाउने सरकारको तयारी

काठमाडौं- उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले एलपी ग्यासको आपूर्ति सहज बनाउने, उपभोग्य वस्तुको मूल्य नियन्त्रण गर्ने तथा आयात निर्भरता घटाउने सरकारको योजना प्रस्तुत गरेका छन् ।

शुक्रबार विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा मन्त्री साहले एलपी ग्यास समस्या समाधानका लागि तत्काल राहत, मध्यम अवधिमा प्रणाली सुधार र दीर्घकालीन ऊर्जा सुरक्षालाई प्राथमिकतामा राखिएको बताए । उनका अनुसार ग्यासको आयात, ढुवानी, भण्डारण, रिफिलिङ, वितरण तथा मागको भौगोलिक असन्तुलनलगायत विषयमा प्राविधिक अध्ययन भइरहेको छ । सरकारले ग्यासको भण्डारण तथा बोटलिङ



क्षमता बढाउनुका साथै आपत्कालीन मौज्दात राख्ने तयारी गरिरहेको उनले जानकारी दिए ।

मन्त्री साहले खाना पकाउन आयातित एलपी ग्यासमाथिको निर्भरता घटाउँदै स्वदेशी विद्युत्को खपत बढाउनुपर्नेमा जोड दिए । नेपाललाई आयातमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ लैजानुपर्ने उनको भनाइ थियो ।

धान र मकै उत्पादनको वास्तविक अवस्था पहिचान गर्न स्याटेलाइट म्यापिङ प्रयोग गर्ने तयारी भइरहेको जानकारी दिँदै उनले बाँझो तथा कम उपयोग भएको जमिनमा मकै, कोदो र फापरजस्ता स्थानीय बालीको उत्पादन तथा प्रशोधन बढाउनुपर्ने बताए ।

मन्त्री साहले बजार अनुगमनलाई व्यवसायीलाई त्रसित बनाउने माध्यम नभई स्वच्छ प्रतिस्पर्धा र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने प्रक्रियाका रूपमा अघि बढाइने बताए ।

बैठकमा उपभोग्य वस्तुको आपूर्ति, मूल्य नियन्त्रण, बजार व्यवस्थापन तथा उपभोक्ता संरक्षणलगायत विषयमा समितिका सदस्य र मन्त्रालयका अधिकारीहरूले समेत धारणा राखेका थिए ।

# नेवार बन्न मन छ : जगदीश खरेल

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद जगदीश खरेलले नेवार समुदाय, मौलिक परम्परा र संस्कृतिप्रतिको गहिरो लगाव व्यक्त गर्दै आफूलाई 'जगदीश खरेल नेवार' का रूपमा चिनाउने धोको रहेको बताएका छन् ।

'ज्यापू समाज'को एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले विधान र परम्पराले दिएमा आफूलाई कुनै अधिकारबिनाको केवल कर्तव्य निर्वाह गर्ने 'मानार्थ सदस्य' बनाउन नेतृत्वसमक्ष प्रस्ताव समेत राखे ।

ललितपुरमा आयोजित ज्यापू समाजको औपचारिक कार्यक्रममा बोल्दै सांसद खरेलले नेवारी कला र संस्कृतिसँग आफ्नो पुरानो भावनात्मक सम्बन्ध रहेको बताए ।

समाजको विधान, नियम र परम्परागत प्रक्रियाले मिल्ने भए आफूलाई मानार्थ सदस्यका रूपमा स्वीकार्न उनले ज्यापू समाजका अध्यक्ष तथा पदाधिकारीहरूसँग आग्रह पनि गरे । 'अब त जगदीश खरेल मात्र होइन, जगदीश खरेल नेवार भनेर चिनिन मन छ । यहाँहरूको विधान, नियम, कानून र प्रक्रियाले मिल्छ कि मिल्दैन, मलाई थाहा छैन । तर एउटा सानो लोभ छ, कर्तव्य निर्वाह गर्नका लागि भएपनि ज्यापु समाजको मानार्थ सदस्य बन्न पाए कति गजब हुन्थ्यो होला । मलाई कुनै अधिकार चाहिँदैन । बरु मानार्थ सदस्य बनाएर बेलाबेलामा, 'तिमी त समाजको सदस्य हौ, यो काम किन गरेनौ ? भनेर गाली गर्ने अधिकार यहाँहरूलाई होस्,' खरेलले आफ्नो आकांक्षा सुनाए ।

'जगदीश खरेल नेवार'लाई मानार्थ सदस्य र कर्तव्यमा प्रतिवद्ध सदस्यका रूपमा स्वीकार गरिदिन उनले आग्रह गरे ।

'ललितपुरको कला र संस्कृतिप्रति मेरो सधैँ गहिरो सम्मान छ । कृष्णलाल महर्जन 'बा'प्रति मेरो विशेष सम्मान छ । चन्द्र दाइसँग आत्मीय सम्बन्ध छ, प्रेमबहादुर महर्जन मान्यज्यूसँग पनि उत्तिकै आत्मीयता छ,' खरेलले भने ।

सांसद खरेलले आफ्नो कर्मभूमि ललितपुरको कला, संस्कृति र अमूर्त सम्पदाको संरक्षणमा आफूले सक्दो पहल गर्ने बताए । ललितपुरको विकास र सम्पदा संरक्षणका लागि आफूले संसदमा सशक्त भुमिका खेल्ने र आगामी हिउँदे अधिवेशनमार्फत अमूर्त सम्पदा सम्बन्धी विधेयक अगाडि बढाउने प्रतिवद्धता व्यक्त पनि गरे ।

## खेलकुद

# भारतमाथि ब्राजिलको सजिलो जित



काठमाडौं- स्यामुएल लिनाको दुई गोलको मद्दतले ब्राजिलले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा शनिबार भारतमाथि सजिलै ४-० को जित निकालेको छ । कोलकाताको साल्ट लेक स्टेडियममा भएको खेलमा ब्राजिलले प्रत्येक हाफमा दुई दुई गोल गरेको थियो र कुनै पनि समय दबाबमा खेल्नु परेन ।

खेलको २८ औं मिनेटमा विलियनको गोलमा ब्राजिलले अग्रता लिएको थियो । पहिलो हाफको ४२ औं मिनेटमा पेड्रोले दोस्रो गोल थपे । लिनोले ५८ औं मिनेटमा तेस्रो गोल गरे । लिनोले नै दोस्रो हाफको इन्जुरी समयको पाँचौं मिनेटमा चौथो गोल थपे । अन्तर्राष्ट्रिय फुटबलमा भारत र ब्राजिलबीच खेल भएको यो नै पहिलो पटक हो । कीर्तिमान पाँच पल्टको विश्व च्याम्पियन ब्राजिल प्रशिक्षक कार्लो एन्सेलोटीको नेतृत्वमा भारत आएको हो ।

# एसिया ट्रेलमा होमलाल र सुनसरी विजेता



काठमाडौं- नेपालका धावक होमलाल श्रेष्ठ र सुनसरी रोकायाले शनिबार एसिया ट्रेल मास्टर (एटीएएम) च्याम्पियनसिपको उपाधि जितेका छन् ।

भियतनामको मु चाङ चाईमा भएको एटीएम मु चाङ चाई अल्ट्रा ट्रेलको पाँचौं प्रतियोगिता हो । दौडमा नेपालकै गोपाल तामाङ दोस्रो र फिलिपिन्सका की सुवेलो तेस्रो स्थानमा रहे ।

४२ वर्षीय होमलाल एसिया ट्रेल मास्टर जित्ने पहिलो नेपाली हुन् । २४ वर्षीया सुनसरीलाई नेपालकै १९ वर्षीया धाविका कल्पना बुढाले कडा चुनौती दिएकी थिइन् । सुनसरीभन्दा केही सकेन्डमात्र पछाडि परेकी कल्पनाले दोस्रो स्थानमा चित्त बुझाइन् । हङकङकी सेलन लोउबिरे तेस्रो स्थानमा रहिन् ।

यस प्रतियोगितामा पुरुष र महिला दौडको शीर्ष १० मा नेपालका खेलाडीको बाहुल्यता थियो । धीरबहादुर बुढाले आठौं र विशाल राई दसौं स्थान ओगटे ।

करिब ३८०० मिटर उचाइसम्म दौडनुपर्ने एसिया ट्रायल मास्टर दौड जंगलको कठिन बाटो र पहाडका उकालीओरालो समावेश छन् ।

एटीएममा १८ देशका ३६ सय धावकधाविकाले भाग लिएका थिए । जसमा दुई सय अन्तर्राष्ट्रिय धावकधाविकाको सहभागिता थियो ।

# ब्राजिल निर्वाचन : पहिलो चरणमा फ्लाभियो बोल्सोनारोको अग्रता

रियो डि जेनेरियो – ब्राजिलको राष्ट्रपतीय निर्वाचनमा पूर्वराष्ट्रपति जैर बोल्सोनारोका जेठा छोरा फ्लाभियो बोल्सोनारोले पहिलो चरणमा ४७ प्रतिशत मत ल्याएका छन् । उनले पहिलो चरणमा राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भालाई पछि पारेपनि ५० प्रतिशत मत कटाउन भने सकेनन् ।

दोस्रो स्थानमा आएका लुलाले ४५ प्रतिशत मत ल्याए । पहिलो चरणमा कुल १२ उम्मेदवार प्रतिस्पर्धामा थिए । ब्राजिलमा सीधै राष्ट्रपति चयन हुनका लागि पहिलो चरणमा ५० प्रतिशत मत कटाउनुपर्ने व्यवस्था छ । कसैले पनि ५० प्रतिशत मत कटाउन नसकेमा शीर्ष दुई स्थानमा आउनेबीच दोस्रो तथा निर्णायक चरणमा प्रतिस्पर्धा हुनेछ ।

ब्राजिलमा आइतबार राष्ट्रपतिसँगै गभर्नर, सिनेटका केही सिट तथा तल्लो सदनका सबै सिटमा निर्वाचन भएको थियो ।माथिल्लो सदन सिनेटका ८१ सिटमध्ये आइतबार ५४ सिटमा मतदान भयो । त्यसमा बोल्सोनारोको लिबरल पार्टीले १९ सिट जितेको छ ।

जैर बोल्सोनारोकी कान्छी पत्नी मिशेलले फेडरल डिस्ट्रिक्टबाट सिनेटका लागि सबैभन्दा धेरै मत प्राप्त गरेकी छिन् । त्यस्तै, फ्लेभियोका भाई कार्लोस सान्ता क्याटरिनामा दोस्रो धेरै मत पाउने सिनेट उम्मेदवार बनेका छन् ।

जनहितमा जारी सन्देश
- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप, बागमती प्रदेश, नेपाल

जनहितमा जारी सन्देश
- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप, बागमती प्रदेश, नेपाल

जनहितमा जारी सन्देश
- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप, बागमती प्रदेश, नेपाल

जनहितमा जारी सन्देश
- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप, बागमती प्रदेश, नेपाल

जनहितमा जारी सन्देश
- आफ्नो घर, पसल र व्यवसायबाट निस्कने फोहोरमैला जथाभाबी सडक वा सार्वजनिक स्थलमा नफालौं।
- गाउँपालिकालाई तिर्नुपर्ने घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत) तथा अन्य दस्तुरहरू समयमै बुझाई जिम्मेवार नागरिकको परिचय दिऔं ।
- चालु आर्थिक वर्षका स्वीकृत योजनाहरू सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अपनाऔं र तोकिएको समयभित्रै कार्यालयमा आई सम्झौता गरी काम सुरु गरौं ।
- घरनक्सा पास, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँ-सराइ) घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा गई अनिवार्य रूपमा दर्ता गराऔं ।
- गाउँपालिका क्षेत्रभित्र रहेका सडक, खानेपानीका धारा, प्रतीक्षालय, खेलकुद मैदान, विद्यालय तथा स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन गरौं ।
- आफ्ना बालबालिकालाई तोकिएको समयमा अनिवार्य रूपमा खोप लगाऔं र विद्यालय पठाऔं।

दोरम्बा शैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप, बागमती प्रदेश, नेपाल

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष -१९, अंक- ११,
२०८३ साल असोज २० गते मंगलबार
6 October 2026, Tuesday

# भ्रष्टचारको अध्ययन गहन ढंगबाट हुनुपर्छ

*भ्रष्टाचार कुनै व्यक्तिविशेषको त्रुटि मात्र नभई शिक्षा र समाजको जगमै जोडिएको समस्या हो। राष्ट्रवादी, नैतिक र व्यावहारिक शिक्षा नीतिको अभावमा नागरिक, समाज र राष्ट्र उत्पादनशील बन्न सकेका छैनन्।*



**बल्लव कार्की**
*अध्यक्ष,*
*नागरिक सरोकार समूह*

मुलुक किन र कसरि भष्टचार को चक्रबियुमा फस्यो भन्ने खोज र अनुसन्धानको बिषय बन्नै पर्छ। भ्रष्टचार मुल शिक्षा हो कि ? किन कि जब सम्म मुलुकमा राष्ट्रवादी शिक्षा नीति लागु गरिदैंन राष्ट्र, धर्म, संस्कृति, ऋतिथिति र सभ्यता बिहिन हुन पुग्दा ब्यक्ति, समाज र राष्ट्र अन उत्पाद हुन पुग्छ।

हरेक नागरिकको चेतनले दलिय अतिबाद को दलदलमा चुर्लिम्म नडुबि जिवन यापन गर्न कठिन हुने आत्मासात गर्न'ले दलिय अतिबादको सदस्य हुनु नै ब्यापारि, ब्याबसायी उधोगि आदी हुनु हो भनि बुझ्नुपर्छ। पुर्ब प्रशासक, शिक्षाविद, योजनाविद, सुरक्षा विद, न्यामुर्ति ,प्रबुद्धबर्ग, कुटनीतिज्ञ आदी सबैले यस क्रमलाइ निरन्तरता पनि भ्रष्टचार लाइ मलजल गरिरहेको हो कि ?

दलिय अतिबाद कै कारण राष्ट्रवादी शिक्षा, स्वास्थ, कृषि, ब्यापार, उधोग, प्रर्यटन, जलश्रोत, खनिज आदी नीति र राष्ट्रिय रोजगार नीति स्वस्थ र सन्तुलित समायोजन हुन नसक्नुले पनि भ्रष्टचार गरिरहेको होकि भन्ने बिषयमा खोज,अध्ययन र अनुसन्धान हुन जरुरी हो कि! त्यसको त्रिभद्रवन विश्व बिद्यालयलाइ प्रबुद्धबर्ग राष्ट्रिय अनुसन्धान सहित योजना आयोगमा रुपान्तरण गर्ने हो कि ? किन कि भ्रष्टचार यस्तो दीर्घरोग हो कि जस्ले क्रमिक रुपमा राष्ट्रलाइ गलाउछ, थकाउछ, लुते, असाय आदी बनाउछ।

राष्ट्रवादी योजना र कार्यक्रम बिहिन मुलुकमा सम्पन्न, बिपन्न, ज्ञानी, प्रबुद्धबर्ग बिध्वान दलका नेता, पुर्ब प्रशासक, न्यायपुर्ति, उधोगपति, ब्यापारी, प्रशासक, राष्टसेवक जो कोहि पनि भ्रष्टचार जस्तो सरुवा रोग ले ग्रसित हुनु स्वभाबिक कि ?

तसर्थ भ्रष्टचार नै राष्ट्रिय समय हो भने नियन्त्रण र उन्मुलन अभियानले प्रशासनिक उत्पादकत्व समाज र राष्ट्र निर्माणको रुप धारणा गर्न' पर्ला कि ?

# जलवायु न्याय र हिमाली राष्ट्रका एजेन्डा बोकेर फिजी पुगे परराष्ट्रमन्त्री




काठमाडौं- जलवायु परिवर्तनसम्बन्धी 'प्रि(कोप) लिडर्स इभेन्ट' मा सहभागी हुन परराष्ट्रमन्त्री शिशिर खनाल फिजी पुगेका छन्। फिजी' र 'टुभालु' मा असोज १९ र २० गते आयोजना हुने कार्यक्रममा सहभागी हुन मन्त्री खनालको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सोमबार फिजी पुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ। भोटेकोशीबाढी पछि निरन्तर भ्रमणमा रहेका छन।

मन्त्री खनालले असोज २० गते आयोजना हुने नेताहरूको पूर्ण सत्र (लिडर्स प्लेनरी) लाई सम्बोधन गर्ने कार्यक्रम छ। उक्त सत्रअघि उनले 'पलाउ' का राष्ट्रपति तथा अस्ट्रेलिया र फिजीका प्रधानमन्त्रीसमेतको उपस्थितिमा सञ्चारकर्मीहरूसँग आयोजना हुने प्रश्नोत्तर कार्यक्रममा पनि सहभागिता जनाउनेछन्।

जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी संवाद र सहकार्यलाई अगाडि बढाउने उद्देश्यले आयोजित यस 'प्रि(कोप) लिडर्स इभेन्ट' मा नेपालको सहभागिताले जलवायु परिवर्तनका असर, जलवायु न्याय तथा हिमाली राष्ट्रका सरोकारका विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

फिजी र टुभालुका कार्यक्रम सकेपछि परराष्ट्रमन्त्री खनाल अस्ट्रेलिया प्रस्थान गर्ने उनको सचिवालयले जनाएको छ। उनले असोज २२ गते अस्ट्रेलियाकी विदेशमन्त्री पेनी वङसँग द्विपक्षीय भेटवार्ता गर्नेछन्। भेटवार्ताका क्रममा नेपाल(अस्ट्रेलिया सम्बन्ध, द्विपक्षीय सहकार्य तथा आपसी हितका विविध विषयमा छलफल हुने बताइएको छ।

अस्ट्रेलिया भ्रमणका क्रममा मन्त्री खनालले क्यानबेरास्थित नेपाली दूतावास र सिड्नीमा रहेका नेपाली डायस्पोराद्वारा छुट्टाछुट्टै आयोजना हुने कार्यक्रममा सहभागी भई त्यहाँस्थित नेपाली समुदायसँग अन्तरक्रिया गर्नेछन्।

मन्त्री खनाल असोज २६ गते नेपाल फर्कने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

# उदयपुर सिमेन्टको सञ्चालन र दिगोपनामा केन्द्रित रहेर पूर्वमहाप्रबन्धक न्यौपानेले गरे विद्यावारिधि

काठमाडौं। उदयपुर सिमेन्ट उद्योग लिमिटेडका पूर्वमहाप्रबन्धक डा. गोपीकृष्ण न्यौपानेले उद्योगको सञ्चालनगत चुनौती, सम्भावना तथा दीर्घकालीन दिगोपनाका विषयमा केन्द्रित रहेर विद्यावारिधि - पीएचडी) हासिल गरेका छन्।

सिक्किम प्रोफेसनल युनिभर्सिटी, सिक्किम, भारतबाट उनले विद्यावारिधि उपाधि हासिल गरेका हुन्। एसोसिएट प्रोफेसर डा. नसिरुद्दीन मोलाको मार्गदर्शनमा उनले अनुसन्धान पूरा गरेका हुन्।

न्यौपानेले आफ्नो अनुसन्धानका लागि 'उदयपुर सिमेन्ट उद्योग लिमिटेडका सञ्चालनगत चुनौतीहरू तथा दिगोपनाको विश्लेषण' शीर्षक छनोट गरेका थिए। अनुसन्धानमा उद्योगले भोगिरहेका सञ्चालनगत समस्या, सम्भावना, व्यवस्थापकीय पक्ष तथा दीर्घकालीन दिगोपनाका विषयलाई केन्द्रमा राखिएको छ।

उद्योगसँग आफ्नो व्यावसायिक अनुभव र व्यक्तिगत प्रतिबद्धता जोडिएकाले अनुसन्धानको विषयका रूपमा उदयपुर सिमेन्टलाई प्राथमिकता दिएको डा. न्यौपानेले बताएका छन्। महाप्रबन्धकका रूपमा काम गरिसकेको अनुभवले उद्योगका सञ्चालनगत वास्तविकता, चुनौती, सम्भावना तथा नेपालको औद्योगिक विकासमा उद्योगको भूमिकालाई नजिकबाट बुझ्ने अवसर दिएको उनको भनाइ छ।



उनका अनुसार अनुसन्धानको प्रमुख उद्देश्य उदयपुर सिमेन्ट उद्योगले सामना गरिरहेका सञ्चालनगत चुनौतीहरूको अध्ययन गर्नु, दिगो सञ्चालनका सम्भावित मार्ग पहिचान गर्नु तथा उद्योगको पुनरुत्थान र सुदृढीकरणमा अनुसन्धानमार्फत योगदान पुर्‍याउनु हो।

'अनुसन्धान केवल शैक्षिक दस्तावेज वा शोधपत्रमा सीमित रहनु हुँदैन। यसले व्यावहारिक समाधान र सकारात्मक परिवर्तनका लागि मार्गदर्शन गर्न सक्नुपर्छ,' डा. न्यौपानेले भनेका छन्।

उदयपुर सिमेन्ट उद्योग नेपालको औद्योगिक विकाससँग जोडिएको महत्वपूर्ण प्रतिष्ठान भएकाले यसको सञ्चालन, उत्पादकत्व, व्यवस्थापकीय क्षमता, वित्तीय अवस्था तथा दीर्घकालीन दिगोपनाका विषयमा अध्ययन आवश्यक रहेको उनको धारणा छ। अनुसन्धानका क्रममा उद्योगको वर्तमान अवस्था र सम्भावनालाई विश्लेषण गर्दै दीर्घकालीन रूपमा सञ्चालनलाई प्रभावकारी बनाउने उपायहरू पहिचान गरिएको उनले बताएका छन्। अनुसन्धानबाट उदयपुर सिमेन्ट उद्योगलाई सञ्चालनमा ल्याई 'गैंडा छाप' ओपीसी सिमेन्टको उत्पादन तथा बिक्रीलाई निरन्तरता दिन सकिने सम्भावना औँल्याइएको छ। साथै, उदयपुरका स्थानीय तह, सरकार तथा निजी क्षेत्रबाट लगानी जुटाएर सुकौरा खानी क्षेत्रमा दैनिक १० हजार टनसम्म क्लिंकर उत्पादन गर्न सकिने निष्कर्ष अनुसन्धानले प्रस्तुत गरेको छ। अनुसन्धानमा उल्लेख भएअनुसार उक्त उत्पादन क्षमताको विकास गर्न सके राज्यलाई वार्षिक करिब ३ अर्ब रुपैयाँ राजस्व प्राप्त हुने सम्भावना देखाइएको छ।

त्यसैगरी उद्योगको सञ्चालन तथा विस्तारबाट रोजगारीका अवसर थप हुने, स्वरोजगार वृद्धि हुने र स्थानीय तहमा आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ। उद्योगको पुनरुत्थानले उदयपुर जिल्लाका आठवटै स्थानीय तहसहित स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्ने अनुसन्धानको निष्कर्ष छ।

विद्यावारिधिको यात्रा चुनौतीपूर्ण भए पनि परिवार, साथीभाइ, सहकर्मी, गुरुजन, मार्गदर्शक तथा शुभेच्छुकबाट प्राप्त निरन्तर साथ, सहयोग र हौसलाले आफूलाई प्रेरणा मिलेको डा. न्यौपानेले बताएका छन्।

विद्यावारिधि अध्ययनको यात्राका क्रममा प्राप्त बधाई तथा शुभकामनाप्रति उनले आभार व्यक्त गरेका छन्। आफूलाई शुभकामना दिने सम्पूर्णप्रति धन्यवाद व्यक्त गर्दै प्राप्त हौसला आगामी अनुसन्धान यात्राका लागि प्रेरणाको स्रोत बन्ने उनले बताएका छन्।

उद्योगसँगको प्रत्यक्ष व्यावसायिक अनुभवलाई अनुसन्धानसँग जोडेर तयार गरिएको अध्ययनले उदयपुर सिमेन्ट उद्योगका वर्तमान चुनौती पहिचान गर्नुका साथै दीर्घकालीन सञ्चालन, पुनरुत्थान र दिगोपनाका सम्भावित उपाय पहिल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

---

यस्तै अर्का विशिष्ट अतिथि डा. देवी पन्थीले सबैमा आउँदै गरेका चाडपर्वको शुभकामनाका साथ सुसेली गाएर सुनाउनु सुनाए।

यसैगरी अर्का विशिष्ट अतिथि डा. ज्ञाननिष्ठ ज्ञवालीले भरखरैबाट सुसेली लेख्न सुरु गरेको भए पनि पहिलो प्रहरमै सुसेलीले मोहनी लगाएको छ भन्दै एक वर्षभित्र नै सुसेलीको पुस्तक प्रकाशित गर्ने सोच आएको बताउदै आफ्ना शुभकामना सुसेली गाएर सुनाए।

कार्यक्रममा उपस्थित थप अतिथि कवि साहित्यकारहरू जानुका थापा रायमाझी, कल्पना दाहाल, उत्तम विचार भेटवाल, टेकबहादुर लौंडारी, डिल्लीप्रसाद मूलतिहुन, रामशरण न्यौपाने, सुधा बास्कोटा ढकाल, विश्वनाथ ढुङ्गेल, वासुदेव ठकुरी, पवनकुमार बुढाथोकी, ध्रुवराज थापा पुरुष, घनश्याम पौडेल, द्वारिका कुइकेल, रामप्रसाद अधिकारी, विनुबाबा घिमिरेलगायत रहेका थिए।

कार्यक्रममा सहभागी सबैले आ-आफ्ना सुसेलीहरू गायनका साथमा आउँदै गरेका महान पर्वहरूका लागि हार्दिक तथा मङ्गलमय शुभकामना व्यक्त गरेका थिए।

अन्त्यमा कार्यक्रमका सभापति भमरकोटेले साहित्यकारहरूलाई यसरी कार्यक्रममा स्वागत गर्न पाएकोमा आफूलाई अत्यन्तै खुसी लागेको बताए।

यसैगरी उनले विशिष्ट अतिथि ज्यूहरूबाट सुसेली विधाका लागि अत्यन्तै अनुकरणीय शिक्षाप्रद उपयोगी भनाइहरू प्राप्त भएको र कार्यक्रमलाई भव्य, सभ्य एवम् रम्य तवरमा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिए।

---

**काँग्रेसको...**

किनारा लागेको छैन। एकथरी नेपाली काँग्रेसका नेता कार्यकर्ताहरु यो विभाजित जस्तो देखिने पार्टीमा एक रुपता नदेखिए सम्म कुनै पनि समूहमा नखुल्ने, नलाग्ने बताउदै आएका छन्।

सर्वोच्च अदालतको निर्णय नआउदै दुवैथरी नेपाली काँग्रेसले महाधिवेशन गरीसक्ने गरी काम गरिरहेका छन्। दुवै पक्षका नेता चुनि सकेका जिल्लामा भोली नेपाली काँग्रेस एकै भईरहला की दुईवटा होला धेरैमा जिज्ञासा भईरहेको छ।

नेपाली काँग्रेसका डा. नारायण खड्काको एक टेलिभिजनमा राखेको विचारको भनाई जस्तै सर्वोच्चले फैसला गर्दा जुन समूहलाई मान्यता दियो त्यही समूहमा अर्को समूह आएर मिसिएमा त नेपाली काँग्रेसको ठूलो उपलब्धि नै होला तर त्यस्तो नभएर एउटा पक्ष जसले नेपाली काँग्रेसको नेतृत्व नपाउदा बाहिरिदा अर्को पार्टी खोलेको खण्डमा नेपाली जनतावाट आलोचित हुने निश्चित देखिन्छ र नेपाली काग्रेसको ओरालो यात्रा झनै बढेर जाने सम्भावना छ।

जे होस अन्य नेता कार्यकर्तारुले नेपाली काँग्रेसका शुभचिन्तकहरुले नेपाली काँग्रेसको दुई समूह बनाएर गरिरहेको समान्तर शक्ति प्रर्दशनलाई आलोचना गरिहरका छन्।

स्मरणरहोस जन आकाश मिडिया देशमा फुटहरु भन्दा जुटेर देश निर्माण भएको देख्न चाहन्छ। त्यसकारण नेपाली काँग्रेस पनि एकै भएर दरिलो प्रतिपक्षको रुपमा भूमिका निर्वाह गरोस्।

**सरकार फेर्न ..**

हस्तक्षेपको आरोप लगाएर हल्का टिप्पणी गर्ने काम बन्द गर्नुपर्छ,' लामिछानेले भनेका छन्।

उनले आफ्नो दल र नेतृत्वप्रति जनताले गरेको भरोसा र केही स्थानमा भएका मतदाताको असन्तुष्टिलाई पनि आफूले महशुस गरेको उल्लेख गरे। लामिछानेले बीपी कोइरालाका अनुयायीहरूलाई सम्बोधन गर्दै कांग्रेसलाई एक कार्यकाल प्रतिपक्षमा बसेर जनताको सेवा गर्ने अवसर दिन आग्रह गरे।

'सार्वभौम नेपाली जनताको मतको सम्मान गर्नुपर्छ। तपाईंहरू नेपाली काँग्रेसलाई र बीपी कोइरालालाई माया गर्नुहुन्छ भने एकपटक आफ्नो दललाई प्रतिपक्षमा राखेर हेर्नुहोस्। हामीले काम गर्न सकेनौं भने अर्को निर्वाचनमा जनताले हामीलाई पराजित गरून्, यही लोकतान्त्रिक अभ्यास हो। यस ऐतिहासिक मञ्चबाट म यही कुरामा अडिग छु,' सभापति लामिछानेले भने।

आफ्ना दलका कार्यकर्ता र सदस्यहरूलाई लक्षित गर्दै लामिछानेले जवाफदेहिताको कसीमा रास्वपा अडिग रहेको दाबी गरे। पाँच वर्षसम्म रास्वपाले काम गर्न नसके सबभन्दा पहिला पार्टीको सदस्यता च्यात्ने आँट आफूहरुले राखेको लामिछानेले बताए।

'आफ्नै दलका साथीहरूलाई पनि भन्न चाहन्छु, यदि रास्वपाले पाँच वर्षमा जनताको अपेक्षाअनुसार काम गर्न सकेन भने सबैभन्दा पहिले आफ्नै सदस्यतामाथि प्रश्न उठाउने आँट हामीले राख्नुपर्छ। सरकार परिवर्तनको बाटो आन्दोलन होइन, निर्वाचन हो। जनताको मत नै अन्तिम निर्णय हो,' उनले भने।

**जन आकाश..**

गाएर सुनाएका थिए। अर्का विशिष्ट अतिथि डा. बमबहादुर थापा जितालीले आजको सुसेली कार्यक्रम विशेष रहेको र मीठा सुसेलीले भरपूर भएकोमा खुसी व्यक्त गरेर सबैलाई बधाई दिँदै आफूले रचेका शुभकामना सुसेली गाएर सुनाएका थिए।

## हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



भाग ७

# दिव्य साधना



**दामोदर ढकाल "दीपक"**

सपनामा गुरुको दर्शनले मलाई सोचमग्न बनाएको छ ।म मञ्चबाट झर्नासाथ शुद्धआत्माकस हजुरबाले छेउमा आएर " जाने होइन त हजुर !" भन्दा म झसङ्ग भएँ ।

" खै त ! नातिनी ?"

" स्कुल जानुपर्ने भएर आइन । उहाँको जवाफसँगै हामी बाटो लाग्यौँ । बाटोमा एउटा ठूलो टार भेटियो । उक्त टारमा बाली नलगाएको दुई वर्ष जति भएछ । तर हरियाली थियो । फूलहरू फूलेका थिए । ठूलठूला वृक्षदेखि मसिना झारमा पनि फूल लाग्छ । प्रकृतिको उपहार , हरेक फूलका आ-आफ्नै विशेषता र वास्ना । त्यही एक्लै खेलिरहेकी थिइन् शुद्ध आत्मा । नातिनीलाई खेलेको देखेपछि हजुरबाले सोधे, " नानी स्कुल नगएकी हो र आज ? "

" गएर आएँ । को ठूलो मान्छे बितेको अरे । अनि प्रदेश सरकारले सार्वजनिक बिदा दिएको अरे ।" उनले बोलिन् ।

" अनि खै त तिम्रा साथीहरू ? " हजुरबाले सोधे ।

" सबै घर गए । मचाहिँ हजुरहरू आउनुहुन्छ भनेर , यहीँ खेलेर कुरेर बसेकी !" शुद्ध आत्माले बोलिन् ।

" देवी ! हजुरलाई यो ठाउँ असाध्यै मनपर्छ हो ? " मैले उनीतिर हेर्दै सोधेँ ।

" हो नि , किन किन यहाँको माटो , यहाँ फूल्ने झारपात कति राम्रा लाग्छन् ।" उनले जवाफ दिइन् ।

"हो र ! यो जग्गा सार्वजनिक हो कि व्यक्तिगत ? " मैले प्रश्न गरेँ ।

" व्यक्तिगत हो, छोरा बुहारी अमेरिका छन् । बुढाबुढी मात्र घरबाट अलिक टाढा भएर नि बाँझिएको हो । कुरा गर्दा गर्दै जग्गाको मालिक पनि आउनु भयो ।" - शुद्ध आत्माको हजुरबाले बोल्दै गर्दा टुपुल्क आइपुगेका बाले मलाई नमस्कार गर्दै बोले , " के कुरा हुँदै थियो र मेरो बारेमा ! "

" केही होइन, हजुरको , जग्गा अति नै पवित्र रहेछ, दान गर्नु पर्‍यो भनेको ।" मैले सिधा भनिदिएँ ।

" मैले दान गरेर भएन । छोरा बुहारी अमेरिका छन् ।सोध्न परिगयो ।" बुढा मान्छेले बोले ।

" मलाई हजुरको छोरासँग गफ गर्न मन लाग्यो । सक्छु त ?" मैले सोधेँ ।

" यहाँ दिन हुँदा, उता रात सुतेका छन् कि नाई । नसुते त उठाउँछ फोन । " यति भनेर बुढाले फोन लिएर,डाटा खोल्नु परेन ,फूल टावर रहेछ । भिडियो कल लगाए ।

उताबाट " बाबा दर्शन "

दर्शन छोरा । हाम्रो गाउँका ठूला गुरुका शिष्य आउनु भएको छ गफ गर ल ।मलाई फोन दिए । मैले हेर्नासाथ उताबाट "गुरु प्रणाम !"

"तिमीले चिठ्ठा परेका रहेछौँ । अबको १५ मिनेटमा रिजल्ट हेर है तिमी अरबपति बन्दैछौ ।" मैले बताएँ ।

खै ! गुरु आजसम्म परेको छैन । धेरैचोटि भरिसकेँ ! "

अब केहीबेरमा रिजल्ट आउँछ । अनि सुन त विशेष कार्यको लागि हो ।"

" हुन्छ म सल्लाह गरेर डिसिजन दिन्छु नि ! " फोन डिसकनेक्ट भयो ।

"देवी, हजुरलाई यहाँको कुन ठाउँ सबैभन्दा प्यारो लाग्छ भन त ? " मैले शुद्ध आत्मालाई भनेँ ।

शुद्ध आत्मा दौडँदै गएर एक ठाउँमा अडिइन् । उनी अडिएको ठाउँमा हामी पुग्यौँ । तलबाट केही मजदुरहरू आउँदै गरेको देखेँ । मैले उनीहरूलाई बोलाएँ । उनीहरू त्यहाँ आए । मैले शुद्ध आत्माले टेकेको ठाउँको माटो ढोगेर निधारमा लगाएँ । उक्त स्थानमा खन्न लगाएँ ।

केही बेरमा साह्रो कुरा भेटियो । उनीहरूले बिस्तारै मूर्ति निकाले । मूर्ति निकालेको ठाउँमा अजिङ्गर देखापर्‍यो । सबैलाई नडराउन भनेँ । माथिल्लो कान्लाबाट हामफालेर दुइटा बाघ पनि आए । मैले नडराउन सबैलाई अनुरोध गरेँ । केहीबेरमा त्यहाँ त जङ्गली जनावर,रङ्गविरङ्गका चराचुरुङ्गीहरू देखापर्न लागे । त्यहीबेला बुढा बा जो त्यस जग्गाका मालिक थिए,उनको फोन आयो । उनले खुसी हुँदै बोले,त्यो जग्गा गुरुलाई दान दिनु । साँच्चिकै मलाई चिठ्ठा पर्‍यो । त्यहाँ सबै छक्क परे । मूर्तिको चमकले सबैका आँखा तिरमिराएका थिए । मैले मूर्ति जमिनमुनि छोप्न भने र त्यहाँ एउटा शिला राखेँ ।

" देवी नानी हजुरलाई यो बाहेक अर्को कुन ठाउँ मनपर्छ ! " उनी दौडिएर अलिक तल गइन् । उक्त स्थानमा हामी गयौँ ।

मैले खन्न इशारा दिएँ । कामदारले खन्दै जाँदा प्राचीन ढुङ्गे धारा भेटियो । धारामा नागहरू थिए । मैले नआत्तिन भनेर खन्ने क्रम जारी राखियो । पुरेको अवस्थामा राम्रो हिटी भेटियो । चराचुरुङ्गी र जंगली जनावरले पानी पिए । मैले देवीलाई भनेँ , हजुरले प्रत्येक बिहान यहाँ आएर अँजुलीको जल त्यहाँ चढाउनु होला । समय आएपछि यहाँ ठूलो संरचना निर्माण हुनेछ ।

सबै छक्क परे । धर्ती नै फुट्ने गरी चट्याङ परेर पानी पर्न सुरु गर्‍यो । हामी देवी अर्थात् शुद्ध आत्माको घरतिर लाग्यौँ । घर पुगेपछि त झन् आरीबाट पानी घोप्ट्याए झैँ पानी बर्सिन थाल्यो । हामी सबैले घरभित्र बसेर फलाहार खायौँ । बिस्तारै पानी रोकियो । साँझ पर्न आट्यो । मैले सबैसँग बिदा मागेर जान लागेँ । सबैले कहाँ जाने भनेर सोाधे ।

मैले मूर्ति र धारो भेटिएको जग्गामा जाने जवाफ दिएँ । तब सबै डराए खुला चौर , जंगली जनावर तपाईं एक्लै , मैले भनेँ म त्यो दिव्य र पावन भूमिमा बस्न पर्छ । यति भनेर म बाटो लागेँ ।उक्त स्थानमा पुग्दा ठूलो साँझ परेको थियो । मौसम सफा भइसकेको थियो । हल्का जूनको प्रकाश थियो । मैले गुरुले दिनुभएको खास्टो ओढेर ध्यानमा जुटेँ ।

# पाँच छन्दको नाच



**डा. बम बहादुर जीतालि**

(छन्दः विभिन्न )

बैंसका सुन्दरी सुन्दर
नाच्दछन् किन्नरी किन्नर
चित्तमा हुन्छ यो तिर्सना
स्वर्गको सम्झना बिर्सना । (महालक्ष्मी)

जुन दिन धरा देखेँ, छन्दै मिलेर म ओर्लिएँ
त्यस दिन रूँदा पैल्ये छन्दै बजेर म कुर्लिएँ
जतिजति कला छायो हुर्केर छन्द मनोहर
रसिक 'हरिणी' आयो छन्दै भएर म सुन्दर !

मेरो सानो कलम छ कला, सानो छ टाँका पनि
सानो मेरो नरम छ गला, सानो छ भाका पनि
रम्दैनन् यी नयन मसिना बेछन्दका धारमा
रम्छन् साना सरस सपना यै 'हारिणी' हारमा ।

जालैजालो सबतिर बुनिए जाल गर्दै हजार
कालो जालो अझ पनि कति छन्, जालकै छन् बजार
सर्के नेता तर कति जनता भोग्दछन् भुक्तमान
छैनन् कोही अविरल गतिमा 'चित्रलेखा' समान ।

म गम्छु गुन्छु गुनुनाउँदै रहन्छु आँतमा
म रच्छु गीत गाउँदै उठेर मध्य रातमा ।
म बज्छु झन्झनाउँदै सितार साथमा छ र
म छन्द गीत-माधुरी हुँ तान 'पञ्चचामर' ।।

# नम्रता गुरागाईंकृत निबन्धसङ्ग्रह 'भूगोलका सपनाहरू' लोकार्पण




**जयराम बिडारी**

काठमाडौँ- युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानको आयोजनामा स्रष्टा नम्रता गुरागाईंद्वारा रचित निबन्धसङ्ग्रह 'भूगोलका सपनाहरू' को लोकार्पण, परिचर्चा तथा आसन्न पर्वहरूको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । काठमाडौँस्थित पद्मकन्या बहुमुखी क्याम्पसको डेनिस हलमा उक्त विशेष समारोह सम्पन्न भएको हो ।

प्रतिष्ठानका अध्यक्ष प्रा.डा. लेखप्रसाद निरौलाको अध्यक्षता तथा विख्यात भाषाविद्, सशक्त निबन्धकार एवम् समालोचक प्रा.डा. माधवप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रा.डा. पोखरेलले लोकार्पित कृतिले नेपाली अस्मिता भूगोलबाहिर पुगे पनि मातृभूमिप्रतिको दायित्व र ममता नछुट्ने कुरा पुष्टि गरेको बताउनुभयो । परदेशको जीवनभोगाइ र संवेदनालाई निबन्धमा सुन्दर ढङ्गले उतारिएको उल्लेख गर्दै उहाँले स्रष्टा गुरागाईंको लेखन ऊर्जाको निरन्तरताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

कृतिमाथि समीक्षात्मक टिप्पणी राख्दै समालोचक डा. गीता त्रिपाठी र डा. फणीन्द्रराज निरौलाले सङ्ग्रहभित्रका २६ वटा निबन्धहरूमा आख्यानात्मकता, संस्मरण, प्रतिरोधी चेतना, र सहज भाषाशैली पाइने बताउनुभयो । अमेरिकाको व्यस्त एवम् यान्त्रिक जीवनका बीचबाट सिर्जित यी निबन्धहरूमा मानवीय संवेदना, संस्कृति, र भोगाइका विविधता समेटिएको समीक्षकहरूको भनाइ थियो ।

समारोहमा पूर्वमन्त्री एवम् साहित्यकार शान्ता मानवी, पूर्वमन्त्री केशव बडाल, माननीय गुरु बराल, प्रा.डा. जीवेन्द्र देव गिरी, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, प्रकाशक केशव पराजुलीलगायतका वक्ताहरूले स्रष्टा गुरागाईंलाई बधाई दिँदै शुभकामना व्यक्त गर्नुभएको थियो । पुस्तककी सर्जक एवं निबन्धकार नम्रता गुरागाईंले अमेरिकामा बसेर सिर्जना गरिएका निबन्धहरूमार्फत पाठकको मनसम्म पुग्ने प्रयास गरेको बताउँदै उपस्थित सबैप्रति आभार व्यक्त गर्नुभयो ।

राष्ट्रिय गान र कविवर युद्धप्रसाद मिश्रको तस्बिरमा माल्यार्पण गरी सुरु गरिएको उक्त कार्यक्रममा उपाध्यक्ष नन्दु उप्रेतीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा बडादसैं, तिहार, छठ तथा इदजस्ता चाडबाडका अवसरमा संस्थागत शुभकामना आदानप्रदानको संस्कृति विकास गर्ने उद्देश्यसहित विभिन्न साहित्यिक एवम् सामाजिक व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# 'आयो लाहुरे' मौलिक दोहोरी गीत सार्वजनिक




काठमाडौं । गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका-६, उपल्लो कोरेङमा जन्मिएका सर्जक, गीतकार तथा संगीतकार ढुण्डीराज ढकालले आफ्नो नयाँ मौलिक दोहोरी गीत 'आयो लाहुरे' सार्वजनिक गरेका छन् ।

विगत दुई दशकदेखि गीत-संगीतको क्षेत्रमा सक्रिय ढकालले लोक, आधुनिक, बालगीत तथा पप विधाका गीत सिर्जना गर्दै आएका छन् । उनले हालसम्म करिब डेढ सय गीत श्रोता तथा दर्शकमाझ प्रस्तुत गरिसकेका छन् । ढकालको पछिल्लो सिर्जना 'आयो लाहुरे'मा चर्चित गायिका देवी घर्तीले उनलाई गायनमा साथ दिएकी छन् । गीतमा शब्द, संगीत तथा पुरुष स्वर ढकालकै रहेको छ भने कृष्ण केसीले एरेन्ज गरेका छन् ।

रोशन धितालको निर्देशन तथा सम्पादन रहेको गीतको भिडियोमा प्रसिद्ध सिनेमाटोग्राफर मरुभूमि नारानको छायांकन रहेको छ । भिडियोमा जुना गुरुङ, कृष्ण चापागाईं, प्रतिभा चाम्लिङ राई, चन्द्र गुरुङ, सरिता ढकाल, संस्कृती ढकाल र संस्कार ढकाललगायत कलाकारको अभिनय रहेको छ ।

संगीतकार ढकाल विद्यालयहरूमा संगीत प्रशिक्षकका रूपमा समेत कार्यरत छन् । उनको 'बाल आवाज' नामक बालगीत संग्रह प्रकाशित भइसकेको छ । साथै, विभिन्न पत्रपत्रिकामा उनका गीत तथा सिर्जनाहरू प्रकाशित हुँदै आएका छन् ।

गीत-संगीतका विभिन्न विधामा निरन्तर सक्रिय ढकालले 'आयो लाहुरे'मार्फत मौलिक दोहोरीको क्षेत्रमा नयाँ प्रस्तुति दिएका छन् । उक्त गीत ढुण्डीराज ढकालको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

# 'हाम्रो माया कहिल्यै छुट्दैन' को अडियो तथा भिडियो सार्वजनिक

काठमाडौं- गायक तथा संगीतकार रमेश पाठकको शब्द, संगीत तथा स्वरमा तयार भएको प्रेमगीत 'हाम्रो माया कहिल्यै छुट्दैन' को अडियो तथा भिडियो सार्वजनिक गरिएको छ । काठमाडौंको चलचित्र विकास बोर्ड, चाबहिलमा आयोजित विशेष समारोहबीच गीत तथा भिडियो सार्वजनिक गरिएको हो । चलचित्र कलाकार संघका पूर्व अध्यक्ष तथा वरिष्ठ कलाकार मोहन निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाली कला, संगीत, नृत्य, पत्रकारिता तथा मनोरञ्जन क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा वरिष्ठ नृत्य निर्देशक कमल राई, वरिष्ठ नृत्य निर्देशक तथा डिडानका पूर्व केन्द्रीय अध्यक्ष भुवन दास श्रेष्ठ, कलाकार पुजना प्रधान गुरुङ, वरिष्ठ संगीतकार राजु सिंह, गायक तथा संगीतकार भानुभक्त ढकाल, महाकाव्यकार क्षेमनाथ दाहाल, नृत्य निर्देशक टेक लामा छिरिङ मार्फत 'हाम्रो माया कहिल्यै छुट्दैन' गीत तथा भिडियो सार्वजनिक भएको थियो ।

त्यसैगरी कार्यक्रममा वरिष्ठ पत्रकार तथा मिलाप मासिकका प्रधान सम्पादक कृष्ण भुसाल, प्रस्तोता समाजका अध्यक्ष नरहरि प्रेमी, पत्रकार गीता अधिकारी, गायिका सारिका घिमिरे, गायक तथा संगीतकार योगेश काजी




शाह, कार्यक्रम व्यवस्थापन संघका अध्यक्ष राजेन्द्र लुइटेल, गायक तथा संगीतकार राजेन्द्र बजगाई, गायक तथा संगीतकार चेतन राईलगायत कला तथा सञ्चार क्षेत्रका व्यक्तित्वहरूको पनि कार्यक्रममा बाक्लो उपस्थिति रहेको थियो ।कार्यक्रममा नृत्य निर्देशक तथा डिडानका केन्द्रीय सचिव कृष्ण रसल, नृत्य निर्देशक सागर लामा, अजय कुमार बिष्ट, निरु फुयाल र यम गुरुङलगायत सहभागिता उल्लेखनीय उपस्थिति रहेको थियो ।

'हाम्रो माया कहिल्यै छुट्दैन'मा रमेश पाठक र बेनीशा पौडेलको स्वर रहेको छ । गीतमा संगीत संयोजन रामकृष्ण थापाले गरेका छन् भने अतिरिक्त संगीत उत्पादन तथा बीजीएम योगेश काजी शाहको रहेको छ । गीतको रेकर्डिङ बिनोद महताराले गरेका हुन् भने मिक्सिङ तथा मास्टरिङ मनोज परियारले गरेका छन् । गीत ध्बखभ त्तगमष्य तथा त्तगमष्य बलफबल ज्म्मा रेकर्ड गरिएको हो ।

गीतको भिडियोमा आकाश श्रेष्ठ र अलिना गुरुङको मुख्य अभिनय रहेको छ । भिडियोको कोरियोग्राफी रोशन विश्वकर्माले गरेका छन् भने छायांकन दिनेश पराजुली, मेकअप सपना लाम्साल तथा सम्पादन र कलर डिन्सन शाहले गरेका छन् । भिडियोको निर्देशन भने स्वयं रमेश पाठकले गरेका हुन् । प्रेम, समर्पण र सम्बन्धको भावनालाई केन्द्रमा राखिएको गीतको भिडियोमा आकाश श्रेष्ठ र अलिना गुरुङको जोडीलाई प्रस्तुत गरिएको छ । प्रेम सम्बन्धमा आउने विभिन्न उतारचढावका बीच पनि साँचो प्रेम कहिल्यै नछुट्ने भावलाई गीत तथा भिडियोमार्फत प्रस्तुत गरिएको छ ।

गीतको मूल भावले समय, परिस्थिति र समाजका विभिन्न चुनौतीबीच पनि साँचो प्रेमप्रतिको विश्वास, समर्पण र आत्मीयता कायम रहने सन्देश दिन खोजेको छ । सरल शब्द, प्रेमिल भाव र आकर्षक दृश्य प्रस्तुतिका कारण गीतले दर्शक तथा स्रोताको मन छुने अपेक्षा गरिएको छ ।

# 'मोहोर'बाट पल शाह र जुरी ठाकुर यमन ग्लोबल म्युजिक अवाड्र्समा सम्मानित

काठमाडौं । यमन ग्लोबल म्युजिक अवाड्र्समा अभिनेता पल शाह र हेयर डिजाइनर जुरी ठाकुर सम्मानित भएका छन् । चलचित्र 'मोहोर'बाट पलले सर्वोत्कृष्ट अभिनेता र जुरीले सर्वोत्कृष्ट हेयर डिजाइनरको अवार्ड प्राप्त गरेका हुन् ।

एउटै समारोहमा आफूले लामो समयदेखि सहकार्य गर्दै आएका अभिनेता पल शाहसँगै अवार्ड प्राप्त गरेपछि जुरी ठाकुरले खुसी व्यक्त गरेकी छन् । उनले सामाजिक सञ्जालमार्फत यमन ग्लोबल म्युजिक अवाड्र्सप्रति आभारसमेत व्यक्त गरेकी छन् ।

पल शाह र जुरी ठाकुरबीच व्यावसायिक सहकार्यसँगै आत्मीय सम्बन्ध पनि रहेको छ । म्युजिक भिडियोदेखि चलचित्रसम्म पलको लुक्स, हेयर डिजाइन तथा सार्वजनिक उपस्थितिका क्रममा जुरीले सहकार्य गर्दै आएकी छन् ।

चलचित्र 'मोहोर'मा पनि पल शाहको चरित्रअनुसारको हेयर स्टाइल र समग्र लुक्स तयार पार्न जुरीको योगदान रहेको छ । पर्दामा कलाकारको चरित्रलाई विश्वसनीय बनाउन हेयर डिजाइन तथा लुक्सको महत्वपूर्ण भूमिका रहने भएकाले जुरीको कामलाई पनि अवार्डमार्फत सम्मान गरिएको हो ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np

वर्ष -१९, अंक- ११,
२०८३ साल असोज २० गते मंगलबार
6 October 2026, Tuesday

# चावहिलमा खुल्यो निरु ब्युटी एकेडेमीको चौथो शाखा



काठमाडौं- निरु ब्युटी एकेडेमी एन्ड युनिसेक्स सलोनले काठमाडौँको चावहिलमा आफ्नो चौथो शाखा सञ्चालनमा ल्याएको छ।

गोपीकृष्ण हल पछाडि, रिलायन्स कलेज नजिकै रहेको शाखाको सोमबार विशेष समारोहबीच उद्घाटन गरिएको हो।

मम्स नेपालकी अध्यक्ष, मिस तामाङ आयोजक तथा अभिनेत्री रञ्जिता ब्लोनले शाखाको उद्घाटन गर्दै सौन्दर्य व्यवसायलाई व्यावसायिक रूपमा विस्तार गर्दै लैजानु उपलब्धि भएको बताइन्। 'यो व्यवसाय मात्र होइन, सीप र दक्षता विकाससँग पनि जोडिएको छ,' उनले भनिन्।

अभिनेत्री चाँदनी मोक्तानले एउटा महिलाले आफ्नै सीप र लगानीमा व्यवसाय सञ्चालन गर्दै अघि बढ्नु सकारात्मक भएको बताइन्। कार्यक्रममा सैलुङअनलाइन डटकमका अध्यक्ष श्यामलाल लामाले सौन्दर्य सेवा अहिले सबैका लागि आवश्यक बन्दै गएको भन्दै ग्राहकको विश्वास र सन्तुष्टिले नै व्यवसाय विस्तारमा योगदान पुर्‍याउने बताए।

धादिङको मलेखुबाट २०७० मा सुरु भएको निरु ब्युटी एकेडेमीको सेवा अहिले काठमाडौँका विभिन्न स्थानमा विस्तार भएको छ। यसअघि मलेखु, सामाखुसीको टाउन प्लानिङ र स्वयम्भूस्थित एबीएस कम्प्लेक्समा तीन शाखा सञ्चालनमा थिए। चावहिल शाखा चौथो शाखाका रूपमा थपिएको हो।

सञ्चालक निरु तामाङले विद्यालय अध्ययनकै समयदेखि सौन्दर्य क्षेत्रमा रुचि रहेको र साथीहरूको प्रेरणाबाट यस क्षेत्रमा प्रवेश गरेको बताइन्। निरन्तरको मेहनत, सीप र ग्राहकको विश्वासलाई आधार बनाएर व्यवसाय विस्तार गर्दै आएको उनको भनाइ छ। सौन्दर्य सेवालाई महिलाको सीप विकास र आत्मनिर्भरतासँग जोड्ने उद्देश्यसमेत रहेको उनले बताइन्।

सौन्दर्य तथा व्यावसायिक सीपको क्षेत्रमा सक्रिय निरु ब्युटी एकेडेमी एण्ड युनिसेक्स सलोनले विभिन्न अवधिका ब्युटिसियन तालिम तथा आधुनिक सौन्दर्य सेवाहरू सञ्चालन गर्दै आएको छ।

एकेडेमीले २ महिनाको बेसिक ब्युटिसियन कोर्स, ३ महिनाको एड्भान्स ब्युटिसियन कोर्स, ६ महिनाको फुल ब्युटी कोर्स तथा वैदेशिक रोजगारीलाई लक्षित २ महिनाको विशेष कोर्स सञ्चालन गरिरहेको जनाएको छ। त्यस्तै, मास्टर नेल क्लासेस र आइल्यास एक्सटेन्सन क्लासेस समेत उपलब्ध छन्।

एकेडेमीमा छाला तथा कपालसम्बन्धी उपचार, नेल तथा आइल्यास सेवा, म्यानिक्योर-पेडिक्योर, सेमी-पर्मानेन्ट मेकअप, ट्याटु हटाउने, पर्मानेन्ट हेयर रिडक्सन, हेयर एक्सटेन्सन तथा ब्राइडल मेकअपलगायतका सेवा प्रदान गरिँदै आएको छ। साथै, ब्राइडल मेकअपसम्बन्धी व्यावसायिक तालिम र छाला तथा पार्लरसँग सम्बन्धित सम्पूर्ण सौन्दर्य सेवा तथा सीपमूलक तालिम समेत उपलब्ध रहेको एकेडेमीले जनाएको छ।

चाडपर्वलाई लक्षित गरी सलोनका सबै शाखामा विशेष छुटको व्यवस्था गरिएको छ। दसैँ, तिहार र छठलाई लक्षित गरी सेवामा २० देखि ४० प्रतिशतसम्म छुट उपलब्ध गराइएको तामाङले जानकारी दिइन्।

'सौन्दर्य सेवा मात्र नभई महिलालाई सीप र आत्मनिर्भरतासँग जोड्ने उद्देश्यले संस्थालाई विस्तार गर्दै आएका छौँ,' तामाङले भनिन्। आधुनिक प्रविधि, दक्ष जनशक्ति र गुणस्तरीय सेवालाई प्राथमिकता दिएको उनको भनाइ छ।

चावहिल शाखाका सञ्चालक एवं प्रधानाध्यापक चन्द्रमान तामाङले आफूले यस व्यवसायमा सीमित लगानी गरेको बताए।

आफू पेसाले प्रधानाध्यापक रहेको उल्लेख गर्दै उनले व्यवसायबाट हुने आम्दानीको केही हिस्सा आफ्नो विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर टुहुरा चेपाङ बालबालिकाको सहयोगमा खर्च गर्ने उद्देश्य रहेको बताए।




# बजाज पल्सर एनएसको ब्रान्ड एम्बेसडरमा रविन्द्र ढाँट



काठमाडौं- बजाजले आफ्नो लोकप्रिय पल्सर एनएस सिरिजका लागि रविन्द्र ढाँटलाई ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ।

शक्ति, तीव्रता र आत्मविश्वासका लागि परिचित ढाँटसँगको सहकार्यले पल्सर एनएसको प्रदर्शनमुखी पहिचानलाई थप बलियो बनाउने कम्पनीले जनाएको छ। 'पावर मिट्स पावर' अवधारणामा आधारित यस सहकार्यले रविन्द्र ढाँटको व्यक्तित्व र पल्सरको आक्रामक प्रदर्शनबीचको समानतालाई प्रस्तुत गर्नेछ।

कम्पनीका अनुसार ढाँटको शक्ति, तीव्रता र प्रभावशाली व्यक्तित्व पल्सरको पावर, प्रदर्शन तथा मस्कुलर स्ट्रिटफाइटर डिजाइनसँग मेल खान्छ।

यस सहकार्यबाट विशेषगरी युवा तथा प्रदर्शनमुखी मोटरसाइकलप्रति रुचि राख्ने राइडरसँग ब्रान्डको सम्बन्ध थप बलियो हुने अपेक्षा गरिएको छ। अब रविन्द्र ढाँट पल्सर एनएसका विभिन्न ब्रान्ड कम्युनिकेसन, अभियान तथा उपभोक्ता संलग्नताका गतिविधिमा सहभागी हुनेछन्।

उनका माध्यमबाट पल्सरका उत्पादनका विशेषता तथा प्राविधिक पक्षसँगै शक्ति, आत्मविश्वास, प्रदर्शन र बोल्ड एटिच्युडलाई थप प्रभावकारी रूपमा प्रस्तुत गरिने कम्पनीले जनाएको छ।

बजाजका अनुसार रविन्द्र ढाँट र पल्सरबीचको सहकार्य शक्ति र प्रदर्शनको समान भावनालाई जोड्ने प्रयास हो। पल्सर र रविन्द्र ढाँटसँग सम्बन्धित आगामी अभियान तथा सामग्रीका लागि ग्राहकले बजाज नेपालको आधिकारिक सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यम हेर्न सक्नेछन्।

साथै, पल्सरबारे थप जानकारीका लागि नजिकैको बजाज सोरूममा सम्पर्क गर्न सकिने कम्पनीले जनाएको छ।




जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार